का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ माघ २०८०,
सोमबार
15 January 2024,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३४१ । पृष्ठ १०

Madhyanha National Daily

www.madhyanhadaily.com

# सत्ता गठबन्धनसँग टाढिँदै सिके राउत

प्रधानमन्त्री प्रचण्डसँग ट्युनिङ मिलेको बताउने सिके राउत पछिल्लो समय प्रचण्ड नेतृत्वको सरकारको निर्णयको अवज्ञा र सत्ता गठबन्धनको निर्णय नमानी आफूखुसी अगाडि बढ्न थालेका हुन् ।



> उम्मेदवारी फिर्ता लिने होइन, सत्ता गठबन्धन सच्चिनु पर्ने हो, उहाँहरुको एकल जातीय सूची सच्याउनु पर्ने हो । मधेशी, थारु, मुस्लिम, आदिवासीसहित सीमान्तकृत वर्गको भाग खोस्ने सूची सच्याउनु पर्ने हो ।
>
> **बालगोविन्द चौधरी**
> नेता, जनमत पार्टी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ पुस ।

आइतबार सत्ता गठबन्धनका शीर्ष नेताहरु प्रधानमन्त्री निवास बालुवाटारमा सामुहिक छलफलमा जुटेका थिए। राष्ट्रियसभा निर्वाचनका सन्दर्भमा छलफल गर्न बसेको उक्त बैठकमा सरकारमै सहभागी जनमत पार्टी भने सहभागी थिएन ।

तथापि, गठबन्धनको बैठकमा अनुपस्थित जनमत पार्टीको विषयमा नेताहरुले कुरा उठाए । पृष्ठ २ मा

## भूकम्पको जोखिमबाट बच्ने उपाय

- भूकम्पको जोखिम र त्यसबाट बच्ने उपायबारे जानकारी आदानप्रदान गरौं,
- घरभित्रका फर्निचर, सजावटका सामान, पानी ट्याङ्की नहल्लने र नखस्ने गरी बलियोसँग राखौं,
- घर, स्कूल तथा कार्यालयमा भूकम्पको समयमा सुरक्षित रहन सकिने स्थानको पहिचान गरौं,
- भूकम्पको समयमा आत्तिएर भाग्ने वा दगुर्ने नगरौं,
- भूकम्पको बेला खुल्ला र सुरक्षित स्थानमा जाऔं,
- प्राथमिक स्वास्थ्य उपचारको विषयमा जानकारी राखौं,
- आफू सुरक्षित भई अरुको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मेलम्ची खानेपानी



# वितरण नियमित छैन उद्घाटन पाँचौं पटक

कसले कहिले उद्घाटन गरे ?

| प्रधानमन्त्री पुष्पकमल दाहाल | तत्कालीन खानेपानीमन्त्री उमाकान्त चौधरी | तत्कालीन खानेपानीमन्त्री उमाकान्त चौधरी | तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी | तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली |
|---|---|---|---|---|
| २०८० माघ १ (हुँदै) | २०७९ मंसिर २३ | २०७९ बैशाखमा ११ | २०७७ चैत २० | २०७७ फागुन २२ |

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, पुस २९ ।

काकाकुल काठमाडौं उपत्यकावासीहरुको प्यास मेटाउने उद्देश्यसहित शुरु भएको मेलम्ची खानेपानी आयोजनाबाट पानी वितरण नियमित हुन सकेको छैन् । आयोजनाको मुहानस्थल सिन्धुपाल्चोकमा पटक-पटक आएको बाढीका कारण पानी वितरण समेत अनियमित भइरहेको छ ।

चौंथो पटक शुरु हुन लागेको पानी वितरणको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोमबार सिंहदरबारस्थित आफ्नो कार्यालय प्राङ्गनमा धाराको टुटी खोलेर शुभारम्भ गर्दै छन् । त्यसका लागि औपचारिक कार्यक्रम नै आयोजना गरिएको छ । त्यसका लागि निमन्त्रण कार्ड नै छापेर पठाइएको छ ।

प्रधानमन्त्री प्रचण्ड मेलम्चीको पानी वितरणको उद्घाटन पहिलो पटक गर्दै छैनन् । उनले गर्ने उद्घाटन पाँचौं हो । प्रधानमन्त्री र मन्त्रीहरुले पानी विरतरणको उद्घाटनमा प्रतिष्पर्धा जस्तै गरिरहेका छन् । पृष्ठ २ मा

## ताइवानबारे प्रचण्ड अभिव्यक्ति

# चीन खुसी पार्ने प्रयास

> ताइवानमा हालै भएको निर्वाचन र त्यसको नतिजाका सन्दर्भमा शक्ति राष्ट्रहरुको चासो प्रकट भइरहेका बेला प्रधानमन्त्री प्रचण्डले नेपाल ताइवान स्वतन्त्रताको विपक्षमा रहेको बताएका हुन् ।



ताइवानमा चुनाव जितेपछि मतदातालाई धन्यवाद दिँदै डीडीपी नेता लाइ

**शिव विक/मध्यान्ह**
काठमाडौं, २९ पुस ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाल ताइवान स्वतन्त्रताको विपक्षमा रहेको बताएका छन् । नेपाल एक चीन नीतिका पक्षमा रहँदै आएको छ । एक चीन नीतिको पक्षमा रहेको बताउँदा नेपाली अधिकारीहरु ताइवानको विषय तोकेर कम बोल्ने गर्दछन् । तर आइतबार काठमाडौंमा चिनियाँ नयाँ वर्षको उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्डले ताइवान चीनकै अभिन्न अंग भएको बताएका हुन् ।

ताइवान स्वतन्त्रताका सम्बन्धमा नेपालको प्रष्ट दृष्टिकोण रहेको र आफ्नो चीन भ्रमणका क्रममा जारी संयुक्त वक्तव्यमा प्रष्ट पारेको पारेको उल्लेख गर्दै उनले नेपाल र चीन नजिकका छिमेकी र विश्वासिला मित्र भएको बताए । उनले शान्तिपूर्ण सहअस्तित्व र पञ्चशीलका सिद्धान्तका आधारमा दुई देशको सम्बन्ध प्रगाढ रहेको पनि दोहोऱ्याएका छन् ।

प्रधानमन्त्री प्रचण्डले चीनविरुद्ध नेपाली भूमि प्रयोग हुन नदिने पनि बताएका छन् । दुई देशको सभ्यता नदी र हिमशृङखलाले मात्र नजोडिएको भन्दै उनले दुई देशका साझा संस्कृति र जनस्तरको सम्बन्ध पनि प्रमुख रहेको बताए ।

हालैको चुनावपछि ताइवानको राष्ट्रपतिमा विलियम लाई निर्वाचित भएका छन् । चीनको कम्युनिस्ट सरकारले लाईको स्वतन्त्रता पक्षधर डेमोक्र्याटिक प्रोग्रेसिभ पार्टी (डीपीपी) को आलोचना गर्ने गर्दछ ।

ताइवानलाई चीनको हस्तक्षेपबाट मुक्त गर्ने र देशको प्रजातान्त्रिक पद्धतिलाई संरक्षण गर्ने वाचा गरेका विलियम लाई विजयी भएपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्कनले वक्तव्य निकालेर बधाई दिए । पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# युद्धको चपेटामा परेका नेपालीका पीडा र विरह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ पुस

रुसले युक्रेनमाथि आक्रमण गरेको अर्को महिना दुई वर्ष पुग्दै छ । रुसले सन् २०२२ को फेब्रुअरी २४ तारिकमा युक्रेनमाथि आक्रमण गरेपछि लडाइँ शुरु भएको थियो ।

यसैक्रममा रुसी फौजका लागि भर्ती भएका ११ जना नेपालीको मृत्यु भएको छ भने युक्रेनले चार जना नेपाली नागरिकलाई बन्दी बनाएको छ । त्यसपछि सरकारले ती देशमा सरकारी कामकाज, छात्रवृत्ति र विभिन्न पेसा व्यवसायमा संलग्न व्यक्तिबाहेक अन्यलाई यात्रा अनुमति रोक्दै श्रम स्वीकृति रोकेको छ ।




रुस-युक्रेन युद्ध शुरु भएयता श्रम स्वीकृति लिएर सात सयभन्दा बढी नेपाली रुस पुगेका भएपनि उनीहरू रुसी सेनामा भर्ना भएको वा नभएको विषयमा नेपाल सरकारले अनुसन्धान भइरहेको बताएको थियो । तर हालसम्म सरकारले आधिकारिक विवरण सार्वजनिक गरेको छैन । केही समयअघि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले झण्डै दुई सय नेपाली रुसी सेनामा कार्यरत रहेको बताएका थिए ।

रूसी सेनामा भर्ना भएका नेपाली युवाहरूले लडाइँको मोर्चामा फुर्सद निकालेर हिमपात भइरहेको स्थानमा खिचेका तस्बिर र देश छाडेर पराइ भूमिमा लड्नुपर्ने पीडादायी अवस्थाको चित्रण गर्दै खिचेका भिडियो क्लिपहरू टिकटक र रिलजस्ता सामाजिक सञ्जालमार्फत निरन्तर पठाइरहेका छन् ।

रुसी सेनामा कार्यरत सागर केसीले विरहका गीतसहितका भिडियो क्लिपहरू टिकटक र रिलजस्ता सामाजिक सञ्जालमा अपलोड गरिरहेका छन् । उनी भन्छन्, 'आँसु झर्ने गर्छ, मनपनि दुख्ने गर्छ, के गर्नु जिन्दगी हो रुँदै हिँड्नु भएन, जबरजस्ती मुस्कुराउँदै हिँड्नुपर्छ ।'

त्यस्तै अर्को भिडियोमा अमर शान्त गीतको शैलीमा आफ्नो पीडा पोख्दै लेख्छन्, 'यदि दैवीको नजरभित्र परिहालें भने ओइलिएको फूलजस्तै झरिहालें भने मलाई धोकेबाज भन्ने उपनाम नदिनु है, जीवनभर साथ दिन्छु भन्दा भन्दै मरिहालें भने ।' पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:
INTERNATIONAL MARKETING EXECUTIVE : 1 (M/F)
PUBLIC RELATION OFFICER : 1 (M/F)
RECEPTIONIST : 1 (Female)
Salary: Negotiable
Requirements:
Minimum 3 Years Of Working Experience In Related Field
Send the cv on : info@perfectdestination.com.np
perfect.destination2011@gmail.com
PERFECT DESTINATION PVT. LTD.
Kupondole -10, Lalitpur, Nepal
Tel 01-5269014 | 01-5268998
Govt. Lic. No. 941/067/068

फ्रि भिषा, फ्रि भिषा, फ्रि भिषा सहित युएईमा रोजगारको अवसर
कम्पनी :UNITED ENGINEERING CONSTRUCTION CO (L.L.C.) UNEC शहर : UAE
पूर्व स्वीकृत मिति: २०८०/०९/२९ चलानी नं.: ६०२१२९७० LT. No.:297955

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Assistant | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1050 | ३७,८४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Mason Assistant | 100 | 0 | | 1050 | ३७,८४२ | | | | | | | |
| 3. | General Labour | 150 | 0 | | 800 | २८,८३२ | | | | | | | |
| 4. | Steel Fixer Assistant | 100 | 0 | | 1050 | ३७,८४२ | | | | | | | |

नोट: यसै कम्पनीको लागि Painter, Time Keeper, Plumber, Electrician, Foreman, Civil Foreman, Rigger, Camp Boss आदी पदको पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी:CONSTRUCTION LABOUR EXCHANGE CENTER BERHAD शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/१२/२५ चलानी नं.: ६०१९९०६० L.T. No.: 283597 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 192 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |


प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा आजैदेखि धमाधम भई रहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Empower Human Resources Management Pvt. Ltd
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445
Mobile No: 9823040845 , 9814048926, 9802340417, 9818766422, 9843524997, 9851049746
Butwal Branch : 9851178901, Jhapa Branch : 9806080426, Chitwan Branch: 9855616639

# माघे संक्रान्ति पर्व मनाइँदै



**काठमाडौं/मस–** प्रत्येक वर्ष सौर मासअनुसार माघ महिनाको पहिलो दिन मनाइने माघे संक्रान्ति पर्व आज देशभर स्नान, जप, तप, ध्यान साधना, दान आदि गरी मनाइँदै छ ।

सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने भएकाले माघ १ गतेलाई मकर संक्रान्ति पनि भनिन्छ । माघे संक्रान्ति अर्थात् माघी पर्वको अवसरमा सरकारले आज देशभर सार्वजनिक विदा दिएको छ ।

माघ १ गतेदेखि उत्तरायण शुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै जान्छन् । उत्तरायण शुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्यदायक मानिन्छ । यसैले आजको दिन देवघाट, त्रिशूली, कालीगण्डकी, वाग्मती, इन्द्रावती, त्रिवेणी, रिडीलगायतका स्थानमा माघ स्नान गर्ने भक्तजनको भीड लाग्छ । यी ठाउँमा आज विशेष मेलासमेत लाग्ने गर्छ ।

तराईवासीले माघ १ लाई नहान अर्थात् नुहाउने पर्वका रूपमा मनाउँछन् । वर्षभर नुहाउने वातावरण नमिल्ने तराईवासीले पनि आज भने अनिवार्य नुहाउनुपर्ने मान्यता राख्छन् ।

बिहानै तीर्थस्थलमा गई स्नान गरेर तिल दान गर्नाले सुन दान गरेसरहको पुण्य प्राप्त हुने धार्मिक विश्वास छ । धर्मसिन्धुमा माघ १ मा घ्यू, चाकु, तिलका परिकार, खिचडी नखाने, दान नगर्ने, जलाशयमा गई स्नान नगर्ने, ध्यान नगर्ने व्यक्ति जीवनभर रोगी हुने उल्लेख गरिएको छ । उत्तरायण भएपछि शुभकर्म गर्न उत्तम मानिन्छ । आज स्नान, दान, व्रत, ध्यान गर्ने व्यक्तिले पुण्य प्राप्त गरी मनकामना पूर्ण हुने जनविश्वास छ । माघे संक्रान्तिका दिन घ्यू, चाकु, तिलका परिकार, तरुल, पालुङ्गो, खिचडी आदि खाने चलन छ ।

यी परिकारले जाडोमा न्यानो प्रदान गर्ने भएकाले चिसो समयमा पर्ने पर्वमा ताता परिकार खाने गरिएको हो । यी खानाले त्रिदोष नाश हुने आयुर्वेदका चिकित्सकको भनाइ छ । तरुल पुसको अन्तिम दिनमा पकाएर राखी माघमा खाने प्रचलनसमेत विभिन्न ठाउँमा छ । यसलाई 'पुसमा पाके, माघमा जाके' भन्ने उखानका रूपमा समेत प्रयोग गरिन्छ । आजका दिन शरीरमा तिलको तेलले मालिस गर्दा दूषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास छ । शरीरका नाडी, स्नायुमण्डल र हड्डीलाई तिलको तेल मालिसबाट सुदृढ र स्वस्थ राख्न सकिने आयुर्वेद शास्त्रीय मान्यता छ । सूर्य उत्तरायण भएपछिको मृत्युलाई उत्तम मानिन्छ । महाभारत युद्धमा मृत्यु श्ययामा पुगेका भीष्मले इच्छा मृत्युको वरदान पाएअनुसार सूर्य उत्तरायणपछि नै शरीर त्यागेका थिए । आजका दिन भक्तपुरको तिलमाधव नारायणस्थानमा पनि मेला लाग्ने गर्दछ ।

# विपद् व्यवस्थापनका लागि नेपालमा नयाँ अभ्यास शुरु गरिँदै



**काठमाडौं/मस–** विपद् व्यवस्थापनका लागि नेपालमा नयाँ अभ्यास शुरु गर्न लागिएको छ । एसियन इनष्टीचयुड अफ टेक्नोलोजी (एआइटी) का प्राध्यापक इन्द्रजीत पलको अवधारणालाई एसियन डिजास्टर प्रिपरेसन सेन्टर (एडिपीसी)को सहयोगमा धादिङमा लागू गर्न लागिएको हो ।

विपद्को दृष्टीले नेपालको सबैभन्दा धेरै जोखिममा रहेको जिल्ला भएकाले धादिङबाट यो अभ्यास शुरु गर्न लागिएको प्राध्यापक पालले जानकारी दिए ।

थाइल्याण्डमा रहेर अध्ययन अनुसन्धान र प्राध्यापन गर्दै आएका प्राध्यापक पलले स्थानीय सरकारका जनप्रतिनिधि, सरोकारवालाहरु, विभिन्न संघसंस्थाका पदाधिकारी लगायतको उपस्थितिमा वेनीघाट रोराङ्ग गाउँपालिकाको कार्यालयमा आयोजित विशेष समारोहमा नयाँ अवधारणाका बारेमा जानकारी गराएका थिए ।

'क्रिस्टा' नाम दिइएको त्यस अवधारणा अनुसार मोबाइल एपमार्फत स्थानीय बासिन्दाले विपद् सम्बन्धी कुनै पनि घटनाको बारेमा फोटो तथा भिडियो खिचेर पठाउन अभिप्रेरित गरिने प्राध्यापक पलले बताए । फोटो तथा भिडियोमार्फत सूचना पाएपछि उद्धार तथा व्यवस्थापनका लागि धेरै सहज र प्रभावकारी हुने गाउँपालिका अध्यक्ष विवेक थपलियाले विश्वास व्यक्त गरे । विपद् सम्बन्धी घटना हुनासाथ एपमार्फत सरोकारवाला निकायलाई जानकारी गराउने अवधारणालाई एडिइपीसीले नौलो र प्रभावकारी हुने ठानेर सहयोगका लागि छनौट गरेको प्राध्यापक पलले बताए ।

जलवायु परिवर्तनको असर र त्यसबाट उत्पन्न हुने विपद्का नयाँ-नयाँ आयामहरु पनि देखिँदै गएकाले त्यसलाई नयाँ ढंगले सम्बोधन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै अध्ययन अनुसन्धान र खोज गर्ने क्रममा यो नयाँ अवधारणा ल्याएको उनले बताए ।

यो अभ्यास यसअघि धादिङकै निलकण्ठ नगरपालिकामा परीक्षण गर्दा सफल र प्रभावकारी पुष्टि भएपछि औपचारिक रुपमा बेनीघाटबाट लागू गर्न लागिएको हो । स्थानीय जनप्रतिनिधि र स्थानीयबासिन्दाको उल्लेख्य उपस्थितिमा गाउँपालिका र परियोजनाकोतर्फबाट परियोजनाको सम्झौता पनि गरिएको थियो ।

# नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा घिमिरे र श्रेष्ठ सम्मानित




**काठमाडौं/मस–** नेपाल प्रज्ञा प्रतिष्ठानबाट पहिलोपटक विस्थापित प्रज्ञा साहित्यिक पत्रकारिता पुरस्कार २०८० एक कार्यक्रमबीच वरिष्ठ साहित्यिक पत्रकारद्वय रोचक घिमिरे र रक्मिणी श्रेष्ठलाई प्रदान गरिएको छ ।

घिमिरे २०१८ सालदेखि रचना साहित्यिक द्वैमासिक पत्रिकाको सम्पादक र प्रकाशक रही साहित्यिक पत्रकारिता यात्रा आरम्भ गरेका थिए । प्रतिष्ठानले उनलाई 'प्रज्ञा नेपाली भाषा साहित्यिक पत्रकारिता पुरस्कार, २०८०' बाट सम्मानित गरेको हो ।

यस्तै, नेपालभाषाको साहित्यक मासिक पत्रिका 'थौंकन्हे'को सम्पादक तथा प्रकाशक वरिष्ठ साहित्यिक पत्रकार श्रेष्ठ २०४५ सालदेखि साहित्यिक पत्रकारितामा आबद्ध छिन् । प्रतिष्ठानले उनलाई नेपालभाषाको साहित्यिक पत्रकारितामा पुऱ्याउँदै आएको योगदानको सम्मान गर्दै 'प्रज्ञा नेपाली मातृभाष साहित्यिक पत्रकारिता पुरस्कार, २०८०' बाट सम्मानित गरेको हो । पुरस्कृत दुवै जनालाई कदरपत्रसहित प्रतिव्यक्ति नगद रु ५० हजार सम्मानस्वरुप उपलब्ध गराइएको छ ।

सो अवसरमा प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले साहित्यिक पत्रकारिताको महत्वलाई सरकारले बिर्सन नहुने भन्दै पुरस्कारलाई निरन्तरता दिने बताए । 'साहित्यिक पत्रकारिता पुरस्कार साहित्य क्षेत्रमा कमल चलाउने पत्रकारको सम्मानस्वरुप शुरु गरेका छौँ, यसले निरन्तरता पाउनुपर्छ', कुलपति राईले भने । प्रज्ञा प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठले सम्मानित पत्रकारहरुलाई बधाई दिँदै साहित्यिक पत्रकारितामा उनीहरुको निरन्तरताका लागि शुभकामना व्यक्त गरे ।

भाषा आयोगका अध्यक्ष मातृका पोखरेलले साहित्यिक पत्रकारितालाई सम्मान पुरस्कारलाई दीर्घकालीन रुपमा व्यवस्थापन गर्न सुझाव दिए । उनले साहित्य क्षेत्रप्रति नै राज्यले हेर्ने नजर सकारात्मक बनाउन जरुरी भएको बताए । सो अवसरमा साहित्यक पत्रकार संघका केन्द्रीय अध्यक्ष मोहन दुवाल, मधेश आयोगका सदस्य आभाकुमारी सिंहलगायत साहित्यकाहरुको उपस्थिति थियो ।

# हुण्डी कारोबार गर्ने दुई पक्राउ

काठमाडौं/मस-
नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन विपरीत हुण्डी कारोबार गर्ने दुईजनालाई प्रहरीले आइतबार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा काभ्रेपलाञ्चोक चौँरीदेउराली गाउँपालिका-५ घर भई हाल जिल्ला काठमाडौं कपन बस्ने ३९ वर्षीय भीमसेन गौतम र चितवन राप्ती नगरपालका-४ घर भई हाल काठमाडौं सुकेधारा बस्ने ४२ वर्षीय राजु गौतम रहेको रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिए ।

उनका अनुसार काठमाडौं महानगरपालिका-२२ महाबौद्ध क्षेत्रमा भीमसेन गौतम समेतका व्यक्तिले हुण्डीमार्फत वित्तीय कारोबार गरिरहेको भन्ने विशेष सूचनाका आधारमा निजहरुलाई पक्राउ गरिएको हो । प्रहरीले गौतमका साथबाट नेपाली एक हजार दरका ६ सय थान नोट, र पाँच सय दरको चार सय थान नोट गरी आठ लाख बरामद गरेको छ ।

यसैगरी राजु गौतमको महाबौद्धस्थित कुमारी आर्केटको २०२ नंको राधाकृष्ण जनरल स्टोरबाट विभिन्न बैंक तथा सहकारीको १७ वटा चेकमा उल्लिखित रकम रु सात लाख ९७ हजार र नगद नेपाली एक हजार दरको ३९ थान नोट र पाँच सयका दरको एक हजार ७२ थान नोट गरी जम्मा पाँच लाख ७५ हजार फेला परेको प्रवक्ता तथा प्रहरी उपरीक्षक केसीले बताए । पक्राउ परेकाहरुलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

# सर्वोच्च अदालत परिसरमा आत्मदाहको प्रयास

**काठमाडौं/मस–** जिल्ला अदालतका न्यायाधीश भुवन गिरीकी श्रीमती आरती गिरीले आत्मदाहको प्रयास गरेकी छन् । आइतबार दिउँसो न्यायाधीश गिरीकी पत्नी आरतीले सर्वोच्च अदालत परिसरमा शरीरमा मट्टीतेल खन्याएर आत्मदाहको प्रयास गरेकी हुन् ।

उनलाई उद्धार गरी वीर अस्पताल लगिएको प्रहरीले जनाएको छ । आरतीले आफ्ना श्रीमान गिरीमाथि वैवाहिक बलत्कारको मुद्दा हालेकी छन् ।

यसअघि आरतीले जिल्ला अदालत काठमाडौंमा श्रीमान् गिरीमाथि जुत्ता प्रहार गरेकी थिइन् । आरतीको



उजुरीपछि न्यायाधीश गिरी वैवाहिक बलात्कारको मुद्दामा पक्राउ परेका थिए ।

Government of Nepal
Minstry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office, Kathmandu
Road Division Kathmandu
Invitation for Bids No: 07-2080-81
(Date of first publication: 2080/10/01)

Road Division Kathmandu invites electronic bids from eligible bidders for following works:

| Contract No. | Description of Works | Estimated Amount (Without VAT, PS) | Bid Security Amount, NRs. | Bid Document Fee, NRs |
|---|---|---|---|---|
| RDKTM/337310113/080/81/035(RE) | Supply of thermoplastic road marking paint and glass beads. | 1,706,757.22 | 46,000 | 1,000.00 |
| RDKTM/337310113/080/81/037 | Supply of construction material at division yard for recurrent maintenance works | 1,707,731.78 | 46,000 | 1,000.00 |

Deadline for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| 2080/10/16 | 12:00 | 2080/10/16 | 13:00 |

| | | | |
|---|---|---|---|
| Revenue a/c No. | 00100106200000 | Office Code | 337013512 |
| Revenue heading No. | 14229 | Bank | Everest Bank Limited |
| Name of Office | Financial Comptroller General Office | | |
| Deposit A/c no. | 1960100102030000 | Office Code | 337013512 |
| Name of Office | District Treasury Controller Office, Singhadurbar | | |
| Bank | Rastriya Banijya Bank Ltd. Singhadurbar | | |

Eligible bidders may obtain further information at Road Division Kathmandu (Tel: 014565457 Email: droktm1@gmail.com, rd_kathmandu@dor.gov.np) or may visit PPMO's website http://bolpatra.gov.np/egp

Division Chief

## सत्ता...

नेताहरुका अनुसार राष्ट्रिय सभा सदस्यका लागि हुन गइरहेको निर्वाचनमा जनमत पार्टीको तर्फबाट दिइएको उम्मेदवारी फिर्ता लिन माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरेको आग्रहबारे बृफिङ भयो । तर, जनमत अध्यक्ष डा. सीके राउतले अस्वीकार गरेका कारण गठबन्धनको बैठकमा नबोलाइएको थियो ।

राष्ट्रिय सभा सदस्यका लागि जनमत पार्टीबाट अध्यक्ष राउतले सत्ता गठबन्धनको निर्णय विपरीत मधेस प्रदेश र लुम्बिनी प्रदेशमा उम्मेदवारी दिन लगाएका छन् । सो उम्मेदवारी फिर्ता लिनका लागि गरिएको आग्रह अध्यक्ष राउतले अस्वीकार गरेको सत्ता गठबन्धन दलकै नेताहरुले बताए ।

उम्मेदवारी फिर्ता लिने म्याद पुस २७ गते थियो । सोही दिन प्रधानमन्त्री प्रचण्डले अध्यक्ष राउतलाई फोन गरेर उम्मेदवारी फिर्ता लिनका लागि आग्रह गरेका थिए । प्रधानमन्त्री प्रचण्डले फोन गर्दा अध्यक्ष राउत धनगढीमा थिए ।

यो विषयमा आइतबार बसेको सत्ता गठबन्धनको बैठकमा प्रधानमन्त्री प्रचण्डले जानकारी दिएका थिए । प्रचण्डको भनाई उद्धृत गर्दै एक नेताले भने, 'सीके राउतजी त्यतिबेला धनगढीमा हुनुहुँदो रहेछ, सल्लाह गरौँला भन्नुभयो त्यति राम्रोसँग कुराकानी हुन सकेन, उम्मेदवारी पनि फिर्ता लिनु भएन ।'

प्रधानमन्त्री प्रचण्डले आफूले एक पटक पुनः बोलाएर नै कुरा गर्ने बैठकमा कुरा राखेको ती नेताको भनाई छ । अब उम्मेदवारी फिर्ता लिन नसके पनि विज्ञप्ति जारी गरेर गठबन्धनका लागि मत माग्न सकिने उनको भनाई थियो ।

जनमत पार्टीले लुम्बिनी प्रदेशमा बोलगोविन्द चौधरी र मधेस प्रदेशबाट रामशंकर महासेठलाई उम्मेदवार बनाएको छ । मधेस प्रदेशमा जनमत पार्टीको मतभार ४२४ रहेको छ भने लुम्बिनी प्रदेशमा १४४ रहेका छन् ।

लुम्बिनी प्रदेशमा राष्ट्रिय सभाका उम्मेदवार बनेका बालगोविन्द चौधरी भन्छन्, 'उम्मेदवारी हामीले फिर्ता लिने होइन, उहाँहरु (सत्ता गठबन्धन दल) सच्चिनु पर्ने हो, उहाँहरूको एकल जातीय सूची सच्चाउनु पर्ने हो । मधेसी, थारु मुस्लिम, आदिवासीसहित सीमान्तकृत वर्गको भाग खोस्ने सूची सच्चाउनु पर्ने हो । हाम्रो उम्मेदवारी यथावत छ ।'

मधेसी, थारु मुस्लिम, आदिवासीसहित सीमान्तकृत वर्गको पक्षमा उभिँदा गठबन्धन छाड्न तयार रहेको बताउँदै जनमतले २-४ थान मन्त्रालय आफूहरूको लागि ठुलो कुरा नरहेको त्यसलाई पनि छाड्न तयार रहेको बताएको छ ।

जनमत पार्टीका प्रवक्ता शरद सिंहका अनुसार आइतबार गठबन्धनको बैठकमा बोलाइएको थिएन । 'किन बोलाइएन, उहाँहरुलाई नै थाहा होला जानकारी नभएपछि जाने कुरा पनि भएन ।' उनले भने ।

जनमत पार्टीले राष्ट्रिय सभा निर्वाचनमा सत्ता गठबन्धनबाट आफ्नो दलले पनि १ सिट पाउनुपर्ने माग गरेको थियो । तर ११ माघमा चुनाव हुने १९ सिटमा कांग्रेसले १०, माओवादी केन्द्रले ६, एकीकृत समाजवादीले २ र जनता समाजवादी पार्टीले १ सिट लिने गरी भागवण्डा भएको थियो ।

अघिल्लो शनिबार वालुवाटारमै भागवण्डाका विषयमा छलफल हुँदा आफ्नो पार्टीलाई सिट नछुट्याएपछि जनमत पार्टीका अध्यक्ष डा. सीके राउत बैठक छाडेर निस्केका थिए । आइतबार भएको बैठकमा उनलाई आमन्त्रण नै गरिएन ।

मधेस विद्रोह ०६३ पछि मधेसमा आन्दोलनकै माध्यमबाट उदाएका नेता हुन् डा. सिके राउतले गरिरहेका थिए । मधेसमा शान्तिपूर्ण रूपमा पृथकतावादी आन्दोलन सुरुवात गरेर मधेस राजनीतिमा पृथक ढंगले प्रवेश गरेका उनी त्यसक्रममा पटकपटक राज्यद्रोहको मुद्दामा पक्राउ परे। जसका कारण मधेसलाई आफूतिर आकर्षित गर्न सफल भए ।

सरकारसँग २०७५ फागुन २४ गते सम्झौता गरी स्वतन्त्र मधेसको माग विसाएर मूलधारको राजनीतिमा अवतरित भएका राउत गत निर्वाचनबाट राष्ट्रिय राजनीतिमा उदाएका हुन् । मधेस प्रदेशको सप्तरी क्षेत्र नम्बर २ मा राउत जसपाका अध्यक्षसमेत रहेको मधेस विद्रोहका नेतृत्वकर्ता उपेन्द्र यादवलाई हराउदै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका कारणले पनि उनको चर्चा राष्ट्रब्यापी भयो ।

चुनावपछि बनेको सरकारमा राउत नेतृत्वको पार्टीका तर्फबाट संघीय सरकारमा सहभागिता छ । तर, प्रधानमन्त्री प्रचण्डसँग ट्युनिङ मिलेको बताउने सिके राउत पछिल्लो समय प्रचण्ड नेतृत्वको सरकारको निर्णयको अवज्ञा र सत्ता गठबन्धनको निर्णय नमानी आफूखुसी अगाडि बढ्न थालेका हुन् ।

## मेलम्ची...

जस लिन उनीहरुले एउटै आयोजनाको वितरणको व्यर्थमै पटक-पटक उद्घाटन गरिरहेका छन् ।

पहिलो पटक २०७७ फागुन २२ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सुन्दरीजलस्थित ' ट्रिटमेन्ट प्लान्ट' बाट खानेपानी वितरणको उद्घाटन गरेका थिए । त्यसको एक महिनापछि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७७ चैत २० मा भृकुटीमण्डमा बनाएको धारा खोलेर उद्घाटन गरेकी थिइन् । पानी वितरण भने लामो समयसम्म हुन सकेन । २०७८ असारमा आयोजनाको मुहानस्थलमा आएको बाढीले खानेपानी बितरण बन्द भयो । झण्डै एक वर्षपछि २०७९ बैशाखमा ११ गते अस्थायी रुपमा फेरि पानी वितरण सुरु गरियो । त्यसको तत्कालिन खानेपानी मन्त्री उमाकान्त चौधरीले उद्घाटन गरेका थिए । तर, पानी वितरण एक महिना भन्दा बढी हुन सकेन । बाढीको भए देखाउँदै २०७९ जेठमा पुनः वितरण रोकियो ।

वर्षा सकिएपछि २०७९ मंसिर २३ गतेबाट खानेपानी वितरण पुनः सुभारम्भ गरियो । फेरि तत्कालीन खानेपानी मन्त्री चौधरीले नै काठमाडौंको महांकालस्थित पानी वितरण केन्द्रमा त्यसको उद्घाटन गरे ।

पानी वितरण उही बाढीको भयकै कारण २०८० को असारमा फेरि रोकियो । र, साउनको अन्तिम साता आएको बाढीले फेरि मुहान स्थलमा ठूलो क्षति पुऱ्यायो । वर्षा सकिँदा पनि पानीको वितरण नगरेपछि उपत्यकावासी प्रदर्शनमा उत्रिए । नागरिक तहबाट निरन्तर प्रदर्शन भएपछि सरकारले मुहानस्थलमा मर्मत गरेर पुनः अस्थायी रुपमा पानी वितरण गर्न थालेको हो ।

नागरिकले स्थायी रुपमै मेलम्चीको पानी उपभोग गर्न चाहेको भए पनि त्यसको सुनिश्चितता सरकारले गराउन सकेको छैन । फेरि कुन दिन पानी विरतण रोकिने हो भन्ने संशय भने कायमै छ ।

## ताइवानबारे...

लगत्तै, चीनले ताइवानसँग अनौपचारिक सम्बन्ध मात्रै कायम राख्ने अमेरिकी प्रतिबद्धता उल्लंघन गरेको टिप्पणी गरेको छ । चीनले स्वशासित हैसियतमा रहेको ताइवान टापु आफ्नै भूभागको हिस्सा रहेको दोर्होयाएको छ । यही बेला नेपालका प्रधानमन्त्री प्रचण्डको धारणा सार्वजनिक भएको हो । ताइवानबारे प्रचण्ड अभिव्यक्तिलाई लिएर राजनीतिक विश्लेषकहरु फरक धारणा राख्दछन् । एक चीन नीतिमा नेपाल प्रष्ट रहेको भन्नु र ताइवानको स्वतन्त्रताको पक्षमा नरहेको भन्नुको कुटनीतिक अर्थ रहेको उनीहरुको बुझाई छ । ताइवानमा हालै भएको निर्वाचन र त्यसको नतिजाका सन्र्दभमा शक्ति राष्ट्रहरुको चासो प्रकट भइरहेका बेला प्रधानमन्त्री प्रचण्डको अभिव्यक्ति आएको हो ।

## युद्धको...

कतिपयले युद्ध मोर्चामा नै आफ्नो जन्मदिन मनाइरहेको, कतिपय युवाहरुले हिन्दी सिनेमा बोर्डरको सुपरहिट गीत 'सन्देसे आते हे हमे तड्पाती हे' गीतमार्फत पीडा पोखिरहेका छन् ।

शुरुवातमा आकर्षक कमाइको लोभले जोखिमपूर्ण काममा होमिएका नेपाली युवाहरू थकित र निराश देखिन्छन् । कति नेपाली रुसी सैनिक छन् भन्ने एकिन नभएपनि यस वर्षको जेठदेखि भदौ महिनामा रुसी सैनिकमा भर्ना हुने मूल उद्देश्यले धेरै युवा रुस पुगेको आंकलन गरिएको छ ।

श्री महाकाली नमूना माध्यमिक विद्यालय
छायाँनाथ रारा नगरपालिका बडा नं.-१, गमगढी, (मुगु)

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/१०/०१ )

यस महाकाली नमुना माध्यमिक विद्यालय, गमगढी, मुगु बाट मिति : २०८०।०६।१५ गते प्रकाशित सूचना अनुसार तपसिल बमोजिमको कार्यको लागि विद्युतीय खरिद माध्यमबाट बोलपत्र आह्वान भएको सूचना बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भई सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Description of Work | Contact identification No | Bidder Selected | Bid Price (Including Vat & PS) |
|---|---|---|---|---|
| 1 | Mahakali Admin Block Building Construction, Chhayanath Rara Municipality-Gamgadhi, Mugu. | SMMSS/NCB/WORKS/BC/01/2080-081 | New Srijana Nirman Sewa, Chhayanath Rara Municipality-1, Shreenagar Mugu. | 98,17,604.09 |

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०४/२३ मा दर्ता भएको **प्रा.लि. नं. २२०८९७** को **दोगडा केदार कन्सल्टेन्सी प्रा.लि.** को मिति २०८०/०९/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०४/२३ मा दर्ता भएको **प्रा.लि. नं. २२०८९५** को **एच.एस.आई.वि. कन्सल्टेन्सी सर्भिस प्रा.लि.** को मिति २०८०/०९/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

# जुम्ला–डोल्पा सडक निर्माणः रकम अभावले भुक्तानी गर्न कठिन

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २९ पुस

मनाङ-मुस्ताङ-डोल्पा-जुम्ला सडकअन्तर्गत जुम्लादेखि डोल्पा सडकखण्डको निर्माण कार्य जारी रहेको छ। सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख दिपेन्द्र बिष्टले जुम्लादेखि डोल्पाको मौरे लेकसम्म ४३ किलोमिटर सडकखण्डको विभिन्न स्थानमा काम भइरहेको जानकारी दिए ।

उनले भने, 'छिनासाँघुदेखि दानसाँघु ३.५ किमिसम्म काश्यप निर्माण सेवाले कामको जिम्मा लिएको छ । दानसाँघुदेखि झारज्वाला ३.५ किमिसम्म थोदुङ कन्ट्रक्सन, वाविखोलादेखि मौरे लेकसम्म अर्घाखाँची-महेश जेभीले काम गरिरहेको छ ।' यस क्षेत्रमा एक अर्को निर्माण कम्पनीले पजि काम गरिरहेको सडक डिभिजन कार्यालयले जानकारी दिएको छ ।

सडक डिभिजन कार्यालय जुम्लाका अनुसार सडकले सो



क्षेत्रको ४३ किलोमिटर क्षेत्रको विभिन्न स्थानमा भएका ठेक्काका लागि २३ करोड ५३ लाख सम्झौता भएपनि रकम कम भएकाले भुक्तानी गर्न कठिन भएको छ । ती सबै योजनामा ८ करोड ५२ लाख मात्र भुक्तानी भएको छ भने अन्य रकम केन्द्रबाट नआएपछि समस्या भएको छ । कार्यालयमा काम सम्पन्न गरेको बिल आए पनि रकम अभावले भुक्तानी गर्न नसकिएको कार्यालयले जनाएको छ ।

सडक डिभिजन कार्यालय जुम्लाका सूचना अधिकारी चित्र चौलागाईंका अनुसार काम सम्पन्न गरिसकेका क्षेत्रमा समेत रकम अभावले भुक्तानी गर्न सकिएको छैन । जुम्ला-डोल्पा सडकमा चार स्थानमा पक्की पुल निर्माण गर्ने डीपीआर निर्माण भएपनि रकम अभावले ठेक्का खोल्न नसकिएका उनले बताए । कच्ची सडक खनेपछि भने त्यस क्षेत्रमा मालबाहक ट्याक्टर तथा साना सवारी गुडिरहेको उनले जानकारी दिए । जुम्ला-डोल्पा सडक क्षेत्रको झारज्वालादेखि गुठीचौरसम्मको १४.५ किलोमिटर सडकखण्डमा पूर्वाधार विकास कार्यालय जुम्लाले काम गरिरहेको छ ।कर्णाली प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतको बजेट तथा योजना कार्यक्रमअन्तर्गत सो क्षेत्रमा काम भइरहेको र्वाधार विकास कार्यालय जुम्लाका सूचना अधिकारी टेकबहादुर हितानले बताए ।

उनले भने, 'जुम्ला-चोत्र-काईगाउँ डोल्पा सडक नामाकरण गरिएको उक्त सडकमा वर्ल्डवाइड सुनकोशी जेभी निर्माण व्यवसायी कम्पनीबाट ठेक्काको काम भइरहेको छ ।' उनका अनुसार त्यस क्षेत्रमा ग्राभेल, प्लम स्टक्चर, ज्ञाविन स्टक्चर र चौडा गर्ने काम भइरहेको छ । सो कार्यका लागि १७ करोड रुपैयाँ बजेटमा सम्झौता भएको र चार करोड ५० लाख रुपैयाँ भुक्तानी गरिसकेको सूचना अधिकारी हितानले बताए ।

# अफताब आलमको मुद्दाको पेसी स्थगित



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ पुस

नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री मोहम्मद अफताब आलमको मुद्दाको पेसी आइतबार स्थगितको सूचीमा परेको छ । जिल्ला अदालत गौरमा आइतबार अन्तिम सुनुवाइका लागि पेसी तोकिएको भएपनि न्यायाधीशहरु बिदामा भएकाले स्थगितमा परेको हो । आइतबारको पेसी स्थगित भएपछि अर्को पेसी पछि तोकिने जिल्ला अदालत रौतहटका नायब सुब्बा एकरामुल हकले बताए । उनका अनुसार सात न्यायाधीशमध्ये आइतबार दुई जना न्यायाधीश मात्र अदालतमा उपस्थित थिए । अदालतमा न्यायाधीश तेजबहादुर खड्का र गेहेन्द्र पन्त मात्र उपस्थित भएको उनले जानकारी दिए । न्यायाधीश खड्का २ नम्बर इजलास र पन्त ४ नम्बर इजलासमा मुद्दा हेर्ने भएको तथा आलमको मुद्दा इजलास नम्बर ५ मा परेको हुनाले पेसी स्थगित भएको उनको भनाइ छ । यसअघि अदालतका न्यायाधीश बाबुकाजी बानियाँको इजलासले गत गत कात्तिक २२ गते वादी र प्रतिवादीलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश दिएको थियो । सोही अनुसार आइतबार अन्तिम सुनवाइ हुने सूचीमा थियो । २०६४ चैत २७ गते राजपुर फरदहवा गाउँमा बम विस्फोटको घटनामा प्रहरीले मोहम्मद अफताब आलम, शेख सेराज भन्ने शेख सराज, शेख फजलेहक, शेख भदई, मोहम्मद महताब आलम, सगिर आलम, बद्री सहनी, गौरीशंकर साह, मुक्ति साह, मोहद मोबिन आलम र शेख जुमइन भन्ने शेख मलकारविरुद्ध मुद्दा चलाएको थियो ।

आलममाथि १८ कात्तिक २०७६ मा रौतहट जिल्ला अदालतमा 'विस्फोटक पदार्थ बमसमेतको प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यान सम्बन्धी कसुर'मा मुद्दा दायर भएको थियो । यो मुद्दाको थुनछेक बहसपछि आलम २०७६ कात्तिक २९ गतेदेखि पुर्पक्षका लागि थुनामा छन् । पूर्वमन्त्री आलम ४ वर्षदेखि पुर्पक्षका लागि काठमाडौंस्थित नख्खु कारागारमा र भाइ महताब गौर कारागारमा रहेका छन् ।

# यौनिक तथा लैंगिक अल्पसंख्यकद्वारा सर्वोच्चमा रिट

**काठमाडौं/मस–** यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले समानुपातिक समावेशी सिद्धान्तअनुसार राज्यका निकायमा आफूहरुलाई प्रतिनिधित्व गर्न पाउनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कानून मन्त्रालय, संघीय संसद् र लोकसेवा आयोगलाई विपक्षी बनाई मायाको पहिचान नेपालका सचिव सुरेन्द्र पाण्डेसहित चारजनाले दायर गरेको रिट निवेदनमा संविधानले दिएको व्यवस्थाअनुसार राज्यका निकायका आफूहरुलाई प्रतिनिधित्व गर्नुपर्ने माग गरिएको छ ।

नेपालको संविधानको धारा ४२ मा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायलाई समानुपातिक समावेशी सिद्धान्तअनुसार राज्यका निकायमा प्रतिनिधित्वको हक हुने व्यवस्था छ ।


निजामती सेवामा समावेश हुन पाउने व्यवस्थाका लागि कानूनमा संशोधन वा परिमार्जन वा थपघट गर्नका लागि परमादेश आदेश माग गर्दै रिटमा भनिएको छ, 'लोकसेवा आयोगबाट भइ आएका र हुने गरेका राज्यका विभिन्न निकायको निजामती सेवाको पदपूर्तिका लागि विज्ञापन प्रकाशनसम्बन्धी दरखास्त आह्वानले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको हकको सम्बोधन हुन सकेको छैन ।'

उक्त समुदायको अधिकारको हनन् भई राज्यको रोजगारी प्राप्त गरी जीवन निर्वाह गर्ने, सम्मानपूर्ण जीवनयापन गर्न पाउने हकमा नै आघात पुगेको रिट निवेदनमा छ । उक्त समुदायको प्रतिनिधित्व गर्दै पहिलोपटक संविधानसभा सदस्य सुनिलबाबु पन्त भएका थिए ।

उक्त रिटमाथि आगामी माघ २ गते सुनुवाइ हुने भएको छ ।

# औषधि उत्पादन तत्काल थाल्न प्रधानमन्त्रीको निर्देशन

**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपाल औषधि लिमिटेडबाट औषधि उत्पादनका निम्ति भएका प्रयासको सराहना गर्दै २० प्रकारका औषधि उत्पादनको काम तत्काल थाल्न निर्देशन दिएका छन् ।



नेपाल औषधि लिमिटेडका अध्यक्ष यज्ञ न्यौपानेसहितको टोलीलाई आइतबार आफ्नै कार्यकक्षमा बोलाएर प्रधानमन्त्रीले तत्काल उत्पादन थाल्न निर्देशन दिएका हुन् ।

त्यसअवसरमा प्रधानमन्त्रीले विगतमा नेपाल औषधि लिमिटेडले औषधि उत्पादनका क्षेत्रमा राम्रो काम गरेको र पछिल्लोसमय त्यसमा अवरोध देखिएको भन्दै नयाँ ढंगले काम अगाडि बढाउन निर्देशन दिए । प्रधानमन्त्रीले भने, 'विगतमा नेपाल औषधि लिमिटेडले औषधि उत्पादनका क्षेत्रमा राम्रो काम गरेको थियो, बीचमा चाहिँ तलमाथि भएको मैले बुझेँ । औषधि उत्पादनको कामलाई नयाँ ढंगले गति दिनुपर्छ भनेर नै मैले यो बैठक बोलाएको हुँ । तपाईहरू काम शुरू गर्नुस् सरकारको तर्फबाट जे-जस्तो सहयोग गर्नुपर्छ, त्यसका निम्ति म तयार छु ।'

प्रधानमन्त्रीले अहिले २० वटा औषधि उत्पादनबाट काम शुरु गरेर भविष्यमा त्यसको गुण र मात्रा दुवै बढाउनुपर्नेमा जोड दिए । उनले भने, 'देश आत्मनिर्भर बन्ने आशालाग्दो एउटा क्षेत्र यो पनि हो । सबै कुरा एकैपटक नहोला। तपाईहरू काम सुरू गर्नुस् । म पनि अर्थ मन्त्रालय र उद्योग मन्त्रालयसँग थप छलफल गर्छु । यस क्षेत्रमा जनतालाई महसुस हुनेगरी काम गरौं ।'

औषधि लिमिटेडका अध्यक्ष न्यौपानेले हाल १० प्रकारका औषधिहरू उत्पादन भइरहेको र तत्काल २० प्रकारका औषधि उत्पादनका लागि आवश्यक गृहकार्य जारी रहेको जानकारी दिएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

अध्यक्ष न्यौपानेले औषधि लिमिटेडले भुक्तानी गर्नुपर्ने विगतको दायित्वका कारण काम प्रभावकारी हुन नसकेको बताउँदै केही प्राविधिक जनशक्तिको व्यवस्था, मेसिनहरूको गुणस्तर वृद्धि र केही नयाँ मेसिन खरिद गरी उत्पादनलाई व्यवस्थित तुल्याइने प्रतिबद्धता व्यक्त गरे ।

## साउदी रोजगार

कम्पनी : FARHA INTERNATIONAL SERVICES CORP
शहर : DAMMAM

पुर्व स्वीकृत मितिः २०८०/०९/२९ चलानी नं.: ६०२१२९६३ LT. No.:297993

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trailer Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ६३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. २०९/०५७/०५८
**माादी ओभरसिज सर्भिसेस प्रा. लि.**
पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ०१-५१८११३८, ५१८००३९
फ्याक्सः ५०११७४०, Email: madi5125@gmail.com | Website: www.madioverseas.com

## साउदीमा रोजगार

कम्पनीः AL-FAINAQ INT'L CONTRACTING EST.
शहरः Saudi Arabia,AL KHOBAR

पूर्व स्वीकृत मितिः २०८०/०६/२२ चलानी नं.: ६०२०९०६९ L.T. No.: 293826 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ८ गते (22 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S. P. M. OVERSEAS PVT. LTD.**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Mob.: 9840998620/9842151398/ 981-3127393/981-7612727
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com
Gov. Lic No. 817/066/067

## यूएईमा रोजगारको अवसर

कम्पनी : KUNOOZ AL JAZEERA TECHANICAL WORKS L.L.C
शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०९/२९ चलानी नं.: ६०२१२९११ LT. No.:297905

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bricklayer | 10 | 0 | | 1200 | ४३,२४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Koperasi International Pvt. Ltd.**
श्रम इजाजत नं. १२८७/०७४/०७५
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tell.: 01-5912411
Mob: 9851023473, Email: sarojoli208@gmail.com

## मलेशियामा रोजगार

कम्पनीः DNS SECURITY SDN BHD
शहरः Malaysia, Selangor

पूर्व स्वीकृत मितिः २०८०/०९/०८ चलानी नं.: ६०२११९८१ LT. No.: 296988 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 46 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तार्वार्ता मेनपावर कार्यालयमा मिति २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LANGTANG OVERSEAS PVT.LTD.**
Basundhara-03, Kathmandu Nepal
info@langtangoverseas.com www.langtangoverseas.com
+977-14971229 , 5903079
9849442132, 9818497796, 9851354196
Govt. Lic. No.:1643/080/081

यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०८०/०९/२९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित हुनुपर्नेमा भुलवस प्रकाशित गर्न छुटेकोले यसै सूचनालाई आधार मानी प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

## कतारमा रोजगारको अवसर

कम्पनीः AADHIRA BEAUTY SALON
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८०/०९/२९ चलानी नं.: ६०२१२९२८ LT. No.298016

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | स. काममा दक्ष | 1700 | ६१,६९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Triveni Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1174/073/074
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9851090284 | 9761878560 | 9851007872 | 9861133194 | 9818465637
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-JIHAT TRADING AND CONTRACTING COMPANY
शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०८०/०९/२९ चलानी नं.: ६०२१२९५३ L.T. No.: 297623

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1700 | ६०,०१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अक्टोपस रिक्रुटमेण्ट प्रा. लि.**
श्रम इजाजत नं. १७५/०६७/०६८
नयाँ बानेश्वर, काठमाडौं, नेपाल, फोनः ४७९०६६६, ४७९०६५५ फ्याक्सः ४७८०६५५, मो.: ९८४१२१८१८०
E-mail: octopusre@gmail.com,web: www.octopusrecruitment.com

## साउदीमा रोजगार

कम्पनीः Ebdaa Al Aalam for General Contracting Est.
शहरः Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०९/२९ चलानी नं.: ६०२१२९१८ L.T. No.: 298012

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pickup Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.**
Lic No. 689/063/064
सामाखुसी–०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१ माघ २०८०, सोमबार
15 January 2024, Monday

सम्पादकीय

# जनभावना एकातिर यात्रा अर्कातिर

आगामी फागुन पहिलो साता विधान महाधिवेशन गर्ने तयारीसहित नेकपा माओवादी केन्द्रले पार्टी विधानको मस्यौदामाथि छलफल थालेको छ । उपाध्यक्ष पम्फा भुसाल नेतृत्वको मस्यौदा समितिले पार्टी संरचनाको आकार, नेतृत्वको मापदण्ड, अवधि लगायतबारे प्रस्ताव अगाडि बढाएको छ । मस्यौदा समितिको प्रस्तावहरू मध्ये नेतृत्वको अवधिलाई चासोका साथ हेरिएको छ । आवश्यकताका आधारमा दुईपटक अध्यक्ष र दुई पटक मन्त्री हुन सक्ने प्रस्ताव गरिएकाले त्यसलाई अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग जोडेर चर्चा भइरहेको छ । किनकि तेस्रोपटक प्रधानमन्त्री चलाइरहेका प्रचण्डले ३५ वर्षदेखि पार्टी नेतृत्वमा छन् । प्रचण्डले नेतृत्व गरेको अवधि नेपालका राजाहरूको औसत शासन अवधि भन्दा धेरै हो । फेरि अहिले आवश्यकताका आधारमा भनेर ल्याइएको प्रस्तावले प्रचण्ड बाहेक नेताहरूलाई मात्रै कस्न सक्ने अनुमानसहित टिप्पणी भइरहेको छ ।

हुनपनि प्रधानमन्त्री प्रचण्डले आफूअनुकुल पार्टी कार्यक्रम निर्माणदेखि संगठनात्मक संरचना बनाउँदै आएका छन् । कुनै बेला आफ्नै नामबाट 'प्रचण्डपथ' माओवादीको मार्गदर्शक सिद्धान्त पारित गराएका थिए । तर पार्टीभित्र अन्तरसंघर्ष बढ्दै गएपछि नारायणकाजी श्रेष्ठ नेतृत्वको पार्टीसँग एकता गरी प्रचण्डपथ परित्याग गरे । पदाधिकारी र केन्द्रिय समितिको निर्णयबारे कहिल्यैपनि माओवादीभित्र मापदण्ड बन्न सकेन । कतिसम्म भने माओवादी केन्द्र चार हजार बढी केन्द्रिय सदस्य रहेको पार्टी समेत बन्यो । त्यो एकप्रकारले माओवादी विघटन नै थियो । किनकि त्यस्तो अमूर्त कमिटीको बैठक नै कहिल्यै बस्न सक्दैनथ्यो, बसेन पनि । अहिले फेरि माओवादीभित्र केन्द्रिय समितिको आकार घटाउने प्रस्ताव गरिएको छ ।

जबकी २०७८ को पुसमा सम्पन्न आठौं महाधिवेशनपछि पार्टीले पूर्णता पाउन समेत सकेन । लगातार केन्द्रिय समिति सदस्य थपिने, पदाधिकारी बढ्ने जस्ता निर्णय भइरह्यो । अहिले फेरि प्रचण्डलाई अनुकुल हुनेगरी नेतृत्वको अवधि प्रस्ताव गरिएको छ । टिप्पणी गर्नेहरूले प्रस्तावित मस्यौदालाई आजीवन प्रचण्ड अध्यक्ष रहने प्रस्ताव भनेका छन् । जबकी जनभावना चाहिँ युवा पुस्ताले नेतृत्व लिनुपर्छ भन्ने देखिन्छ । गत वर्ष मंसिरकै चुनावमा नयाँ शक्तिहरूले अप्रत्यासित मत पाउनुको अर्थ पुराना नेतृत्वप्रतिको बितृष्णा थियो । तर फेरि पनि पूर्वप्रधानमन्त्रीहरूको भागबण्डाबाट देश चलिरहेका बेला सरकारको नेतृत्व गर्ने दलभित्रै परिवर्तनको कुनै गुञ्जायस देखिएको छैन । यसले राजनीतिप्रति निराशा बढाउन मात्रै बल पुग्ने देखिन्छ ।

# विप्रेषण र अर्थतन्त्र

अग्रलेख



● रामकुमार एलन

अङ्ग्रेजी नयाँ वर्ष २०२४ सकियो तर, त्यसको रमझमले हामीलाई अझै छाडेको छैन । अङ्ग्रेजी नयाँ वर्षमा हामीले कति खर्च गर्‍यौं होला ? हिसाबकिताब छैन । अंग्रेजी नयाँ वर्षपछि हामी सङ्क्रान्ति मनाउँदैछौं । विगतका वर्षमा हामीले माघे सङ्क्रान्ति मनाउँदा तरुल र सक्खरखण्ड मात्रै रु १३ करोडभन्दा बढीको अन्य मुलुकबाट आयात गरेको अभिलेख छ ।

हामी चाडपर्वलाई सामाजिक हैसियतका रूपमा स्थापित गर्न लागिरहेका छौँ । यो वर्ष क्रिसमसमा काठमाडौंका मेयर बालेन्द्र साहले प्लाष्टिकको बुकेट ल्याउन बन्द गरिदिँदासमेत विरोध गर्ने जमात पनि काठमाडौंमा देखियो ।

चाडपर्वलाई महँगो बनाउनु नयाँ त होइन, तर विगतमा हाम्रा पुस्ता कम चेतनशील थिए र ऋण गरेर चाड मनाउँथे, अहिले हामी चेतनाले विकसित हुँदा पनि हैसियतका लागि चाडपर्व मनाउने भएका छौँ । जुन हाम्रो आर्थिक अवस्था जर्जर बनाउने प्रमुख शस्त्र बनिरहेको छ । देखासिकी र अभिमानपूर्ण जीवनयापनले समाजमा विग्रह ल्याइरहेको छ । भन्न चाहीँ हामी समाजवादको अभ्यासमा अभ्यस्त छौँ भनिरहेका छौँ । यस्तो अर्थतन्त्र नै अस्तव्यस्त बनाउने अभ्यस्तपनले आर्थिकरूपमा दरिद्रता बोकेर हामी सम्पन्नताको खोक्रो आडम्बरमा छेलिन विवश छौँ । त्यसैले बागमती प्रदेशका जनताको आर्थिकस्तर देशवासीकै आर्थिकस्तर भन्दा निकै बढी अर्थात् प्रतिव्यक्ति आय दुई हजार चार सय ५५ डलर पुग्दा पनि हाम्रो हालत सुधार्ने विकल्प वैदेशिक रोजगारी मात्र बनिरहेको छ । मधेस प्रदेशमा प्रतिव्यक्ति आय नौ सय ९५ डलर छ र नेपालीको प्रतिव्यक्ति आय एक हजार तीन सय ९९ डलर छ । बागमती प्रदेशको आयस्तर बढेर दुई हजार चार सय ५५ डलर पुग्नुमा पनि वैदेशिक रोजगारी नै प्रमुख साध्य हो ।

समग्रमा हाम्रो अर्थतन्त्र खाडी मुलुक गएका युवाको रगत पसिनाले चलायमान छ । सन् २०२२ मा मात्रै सात लाख ७५ हजार युवा विदेश गएका थिए । एक लाख १० हजारले पढ्ने अनुमति लिएर गएका थिए भने बाँकी स्वदेशी श्रम बजारमा बेरोजगार भएकाले ऋण काढेर विदेश पुगेका थिए । राज्यले आर्थिक वर्ष २०७९/८० मा एक हजार दुई सय अर्ब विप्रेषण भित्र्याएको छ । करिब ५७ प्रतिशत नेपाली परिवारको दैनिकी यही विप्रेषणले चलेको छ ।

सुशासन, संघीयता, गणतन्त्रका नारामा देशमा सात सय ५३ सरकार भए पनि जनताको रोजीरोटीको प्रमुख विकल्प हट्टाकट्टाले खाडीमा रगत पसिना बगाउनु नै पर्नेछ । विदेसिएकामध्ये ८० प्रतिशतभन्दा बढी श्रमिक खाडी र मध्यपूर्व गइरहेका छन् । औसत उनीहरूले पठाउने वार्षिक रु पाँच लाख ३२ हजारअर्थात् मासिक ४३ हजार तीन सय ३३ रूपैयाँले घरपरिवार, पालिका, प्रदेश, संघ सबै चलेको छ ।

अर्कातिर राजनीतिक नेतृत्व चाहीँ खाडी मुलुकका श्रमिकसँग भन्दा विकसित मुलुकका एनआरएनहरूसँग प्रभावित छ । जबकि नेपाली राजनीतिमा प्रत्यक्ष चासो र दबाब दिने विकसित मुलुकका श्रमिकले नेपालमा जम्मा आठ प्रतिशत रेमिट्यान्स पठाउँछन् । बरु यता भएको घरजग्गा, बैंक ब्यालेन्स, शेयर पनि बेचेर उतै 'स्थायी' भइरहेका छन् । देश गरिब भए पनि अष्ट्रेलियामा घर किन्नेमा नेपाली सातौं नम्बरमा रहेको तथ्य बाहिर आएकै विषय हो ।

तथ्यांकले के पनि भन्छ भने हामी भारतलाई सालिन्दा एक अर्ब ५९ करोड डलर रेमिट्यान्स पठाउँदा रहेछौँ । अनि भारतबाट चाहीँ बर्सेनि एक अर्ब ५८ करोड डलर ल्याउँदा रहेछौँ । अर्थात् भारतलाई पनि वार्षिक एक करोड डलर विप्रेषण पठाउन हामी ५२ प्रतिशत साहुमहाजनबाट ऋण काढेर सन्तान खाडी र मध्यपूर्व पठाइरहेका छौँ । आएको ४३ हजार ३ सय ३३ रूपैयाँ पनि १८ दशमलव आठ प्रतिशतले घर खर्चमै सकाइरहेका छौँ । तिनको कमाइले कुनै नयाँ उद्यम, रोजगारीको विकल्पसमेत देखेका छैनन् । सन्तानले विदेशबाट आइएमई गर्ने र यहाँ निकालेर महिनाभरको खर्च टार्नेमा सीमित भइरहेको छ । हरेक प्रदेशमा महँगी यसरी बढेको छ कि, एउटा श्रमिकको रु ४३ हजार तीन सय ३३ ले थेग्न नसक्ने अवस्था छ ।



*विगत एक वर्षमा मात्रै १६ लाख नेपाली रोजगारीका लागि, दुई लाख अध्ययनका लागि, ९१ हजार अस्थायी बसोबासका लागि र ७१ हजार स्थायी बसोबासका लागि नेपाली विदेशिएका छन् । तर देशभित्रै मर्यादित रोजगारी बनाउने विषयमा केन्द्र, प्रदेश र स्थानीय सरकारको कुनै ठोस प्रयास भने हुन सकेन ।*

तथ्यांकीय हिसाबले मधेस प्रदेशसरह जनसंख्या भएको र हरेक सूचकांकमा अब्बल देखिएको बागमती प्रदेशकै अवस्थामा पनि विप्रेषण जोडिएको छ । देशको कूल जनसंख्याको १७ दशमलव आठ प्रतिशत जनसंख्या घरमा अनुपस्थित छन् । २०७९-८० मा बागमती प्रदेशबाट मात्रै सात प्रदेशभरका विदेसिनेमा १५ प्रतिशतभन्दा बढी छन् । यद्यपि बागमती प्रदेशमा बहुआयामिक गरिबीको तथ्यांक सात प्रतिशत मात्र छ । नेपालीको आय एक हजार तीन सय ९९ डलर हुँदा बागमती प्रदेशका नागरिकको प्रतिव्यक्ति आय दुई हजार चार सय ५५ डलर बनाएका त छन् तर यो परिपूर्ण देखिएको छैन ।

देशकै घरजग्गा कारोबारमा बागमती प्रदेशको मात्र हिस्सा ६४ दशमलव ७ प्रतिशत छ । देशको कूल गार्हस्थ उत्पादनमा बागमतीको योगदान ३८ दशमलव ८ प्रतिशत छ । बैंकले बागमती प्रदेशबाट मात्रै ३७ खर्ब १५ अर्ब रूपैयाँ निक्षेप संकलन गरेको छ । कर्जा लगानी पनि खराब छैन, जम्मा रु २७ खर्ब १७ अर्ब छ । अर्थात् निक्षेप संकलन भन्दा कर्जा लगानी कम नै छ । वित्तीय जोखिम उस्तो देखिएको छैन ।

अनेक सूचकांकमा बागमती प्रदेश अगाडि नै छ । देशको मानव विकास सूचकांक शून्य दशमलव ६६ मा बागमतीको सूचकांक शून्य दशमलव ६ रहेको छ । देशभरका श्रमिकमा बागमतीका मात्र २८ दशमलव ६४ प्रतिशत छन् । देशभर दुई हजार पाँच सय ८४ मेगावाट विद्युत् खपतमा बागमती एक्लैले एक हजार एक सय ४९ मेगावाट खपत गरिरहेको छ । सेवा क्षेत्र अर्थात् सहज र बढी नाफा हुने उद्यमबाट बागमतीले ७७ दशमलव ४ प्रतिशत योगदान दिइरहँदा बागमती प्रदेशका युवा विदेशिनुपर्ने अवस्था अन्त्य भएको छैन ।

यसरी वैदेशिक रोजगारीलाई नै अर्थतन्त्रको बलियो मियो बनाउने क्रम विस्तारै नेपालमा भएको धन सम्पत्ति बेचेर विदेसिने अवस्थामा जोडिएको छ । यो क्रमले आर्थिक अवस्था सुधारका संकेत देखिँदा पनि फेरि देशमा राजनीति गर्ने विषयवस्तु चाहीँ यही बनिरहेको छ । भए-गरेका प्रगतिलाई पनि दलहरूले 'मसला' बनाउन सकिरहेका छैनन् । जसले मसला बनाइरहेका छन्, उनीहरूले यसलाई नकरात्मकरूपमा प्रस्तुत गरेर निरासा र उत्तेजना विनिमय मात्र गरिरहेका छन् ।

विसं २०५९ सम्म ५९ प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि रहेका नेपाली जनता २०८० मा आइपुग्दा १९ प्रतिशत बहुआयामिक गरिबीको रेखामुनि छन् । यसो भन्नुको तात्पर्य हो, देश ठूलो विप्रेषण भित्र्याएर पनि गरिबीको रेखा कम गर्न लागिरहेको छ । भएका युवा खुरुखुरु विदेसिएका छन् । वश उनीहरूको सुरक्षित आप्रवासन र नेपालमा रहेका परिवारलाई ससम्मान बाँच्न सक्ने अवस्था बनाउनु नै स्थानीयदेखि केन्द्र सरकारको दायित्व हो । किनभने पछिल्लो समय नेपालमा भएका हत्या हिंसा श्रृङ्खलामा पनि यिनै विदेशमा बसेका युवाका परिवार जोडिएका छन् ।

उनीहरूको परिवारका सदस्य अनेक बहानामा असुरक्षामा बाँचिरहेको देखिन्छ । विगत एक वर्षमा १६ लाख नेपाली रोजगारीका लागि, दुई लाख अध्ययनका लागि, ९१ हजार अस्थायी बसोबासका लागि र ७१ हजार स्थायी बसोबासका लागि नेपाली विदेशिए छन् ।

देशभित्रै मर्यादित रोजगारी बनाउने विषयमा केन्द्र, प्रदेश र स्थानीय सरकारको प्रयास भएको देखिँदैन । अर्कातिर सबै सूचकाङ्कले बागमती प्रदेशलाई अब्बल बनाए पनि यहाँका पनि १८ देखि ४० वर्षका उमेरका युवालाई विदेसिन पर्ने बाध्यता निर्माण हुनुमा देशमै दक्ष जनशक्ति आधारित ससाना काम पनि नहुनु हो । विदेश जानै नपर्ने गरी देशमै ४३ हजार तीन सय ३३ रूपैयाँ कमाउन सकिने कामहरू प्रशस्त नभएका होइनन् । तर ती कामहरूमा स्थानीय तहले समेत केही योजना बनाउन सकिरहेको छैन । जुन स्थानीय सरकारका तर्फबाट हुन सक्ने कामहरू हुन् ।

यसले वडा-वडामा धेरै युवालाई रमाउन र कमाउन सक्ने बनाउँछ । प्रदेश सरकारले पनि आप्रवासीका विषयमा अनेक औपचारिक कार्यक्रम गरेका भरमा विदेसिनेको विषयमा ठोस योजना बनाउन सकेको छैन । यो विषय औपचारिकतामा सीमित छ । जुन विषयलाई व्यवस्थित गर्न सकिए वडामै युवा व्यवस्थापन हुने देखिन्छ ।

विदेशबाट फर्किएका पनि बेरोजगार नै छन् । बागमती प्रदेशकै तथ्यांक हेर्ने हो भने ४१ दशमलव पाँच प्रतिशतले विदेशमा गरेको कामका आधारमा मिल्दोजुल्दो रोजागारी पाएका छैनन् । चीन, भारत, पाकिस्तानलाई पनि हामी विप्रेषण पठाइरहेका छौँ र आफ्ना सक्षम युवा पुस्तालाई चाहीँ जुन प्रदेशमा भए पनि ४० वर्षसम्म बाहिर नै जाऊ भनेर लखेटिरहेका छौँ । उनका परिवार विखण्डनमा पर्ला भनेर कुनै चिन्ता लिइएको पनि छैन ।

वैदेशिक रोजगारीमा गएकाको परिवारलाई यात्रामा सहज बनाइदिने, सिफारिसमा शिघ्र सेवा दिने काम स्थानीय तहको हुनसक्छ । जुन काम हामी एउटा पालिकास्तरीय निर्णयबाट गर्न सक्छौँ । देश फर्केकालाई यहीँ काम गर्ने अवस्था बनाउनु आवश्यक छ ।

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाईं**

जसले साइकलमा घोटाला गर्छन्, जसले ललितानिवास किर्ते गर्छन्, जसले सुन तस्करी गर्छन्, जसले क्यान्टोन्मेन्ट घोटाला गर्छन्, जसले सीमा बेच्छन्, जसले नागरिकता बेच्छन्, जसले गैडा मार्छन्, जसले परिवारतन्त्र चलाउँछन्, जसले मानव तस्करी गर्छन् । तिनले पृथ्वीनारायण शाहको अवमूल्यन गरेको देखियो ।



**- शरवेश अर्याल**

मकर संक्रान्तिमा मासको दाल, चामल, बेसार र नुन मिसाएर खिचडी पकाई खाने प्रचलन छ । आयुर्वेदमा चामललाई चन्द्रमाको रूप मानिन्छ, कालो मासको दाललाई शनिको र नुनलाई शुक्रको रूपमा मानिन्छ । खिचडीमा घ्यू पनि राखिन्छ । घ्यू सूर्यको रूप हो । खिचडीको तातो मानिसलाई मङ्गल र सूर्यसँग जोड्छ ।



**- सुदीप खनिया**

उस्तै कर्मचारी, उस्तै नेता, उस्तै गुटउपगुट, उस्तै कमिसन र भागबन्डा । उस्तै वातावरणविद् र उस्तै नीतिनियम । तर, पाँच वर्षमै २२ किमिको अटल सेतु बनेछ, जाइकाको सहयोगमा, मुम्बईमा । यता चैं ' गणतन्त्र संस्थागत र संविधानको पूर्ण कार्यन्वयन' कैले हुने हो ? देश निर्माणको समय कैले आउने हो ?



**- अर्जुन ज्ञवाली**

राष्ट्र निर्माता पृथ्वीनारायण शाहमाथि घृणा फैलाउने नक्कली माओवादी पुष्पकमल दाहाल प्रचण्ड हिन्दू राजावादी आवरणको राप्रपाको कार्यक्रममा उपस्थित हुनुको कारण के होला ? हुनत उनले राप्रपाको महाधिवेशन उद्घाटन समारोहमा राप्रपा र माओवादीको गोत्र एउटै हो भनेका थिए । कतिलाई याद छ कुन्नि ।

# युवाशक्तिको पलायन र देश विकास

विचार



● समुन्द्र गिरी

*युवा पलायन रोक्न स्वदेशमै रोजगारीको सुनिश्चितता हुनुपर्छ, तर बिडम्बना हाम्रो अवस्था त्यस्तो छैन । सरकारले रोजगारी सिर्जना गर्ने र गराउने सन्दर्भमा ठोस भूमिका खेल्न सकेको छैन । सरकारकै नीतिका कारण भएका रोजगारी पनि गुम्ने अवस्था बनेको छ । तथापि, यो अवस्थाको निकास नखोजी उपाय छैन ।*

देशको मेरूदण्ड युवा हुन् । विकासको मुख्य आधार युवा जनशक्ति हो । हरेक बुवा-आमालाई आफ्नो सन्तान देशमै बसोस्, आफ्नै देशमा केही गरोस् वा भनौं राम्रो आर्थिक आम्दानी गरी सपरिवार हासीखुसी रहन पाइयोस् भन्ने चाहाना हुन्छ । पाको उमेरका बुवा आमालाई त आफ्ना बुढेसकालको साहारा छोराछोरीको आश लाग्छ भने जननीलाई पनि आफ्ना सन्तानप्रति आश लाग्नु स्वभाविक हो ।

हरेक युवाको आफ्नो बालापनदेखि एक तहको अध्ययन देशमै हुन्छ । सुनौलो भविष्यको आशमा रहेका युवाहरू पनि आफ्नै देशमा केही गर्छु भन्ने अठोटका साथ नै संघर्ष गर्छन्, सुनौलो भविष्यको अपेक्षामा । एउटा युवाले जसोतसो गरेर आफ्नो परिवारले पढाई सक्छ अनि आफ्नो योग्यताअनुसारको इलम गर्न खोज्छ । तर, उ आफ्नो योग्यताअनुरूपको काममा पाउँछु कि भन्ने आशले कति गल्ली धाउँछ, कतिलाई बिन्ती चढाउँछ कति जब सेन्टर धाउँछ त कतिलाई चाकरी गर्छ तर, उ असफल हुन्छ र आफ्नो जिन्दगीदेखि हार मानेर अर्को बाटो अपनाउँछ । अनि सुरु हुन्छ विदेश पलायन पलायनको कथा ।

हुने खाने र सक्षम जो छन् उनीहरूको रोजाइमा पर्छ अमेरिका, बेलायत अनि अष्ट्रेलिया । अनि निम्न वर्गीय र पढाईबाट हैरान भएकाहरूको रोजाईमा पर्छ खाडी मुलुक । गएको पाँच वर्षमा मात्रै ३४ लाखभन्दा बढी नेपाली युवा विदेश पलायन भएको एक पछिल्लो सर्वेक्षणले बताएको छ । अध्यागमन विभागले तयार पारेको एक वर्षको तथ्यांकअनुसार एक वर्षमा १६ लाखभन्दा बढी नेपाली विदेश उडेका छन् । जहाँ स्थायी बसोबासका लागि जाने ७० हजारभन्दा बढी छन् । जहाँ रोजगारीको लागि मात्र देश छोड्नेको संख्या एक वर्षमै आठ लाख आठ हजार ४१५ छ ।

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट दैनिक सयौं नेपाली युवाहरू वैदेशिक रोजगारका निम्ति उड्ने गरेका छन् भने अर्को द्वारबाट तिनै कामदारका दैनिक चार वटा लाश बाकसमा बन्द भएर आउने गरेको तथ्यांकले पनि वैदेशिक रोजगारी कति सुरक्षित छ ? भन्ने कुरा बुझ्न गाह्रो छैन । सरकारले धेरै आश्वासन देखाए पनि देशमा युवामैत्री प्रभावकारी ठोस कार्यक्रम भने ल्याउन सकिरहेको छैन । किन युवाहरू विदेश पलायन भइरहेका छन् ? यो विषयमा राजनीतिक दलका नेताहरूले धेरै वकालत गर्छन्, चर्का-चर्का भाषण पनि हुन्छन् । तर, दीर्घकालीनरूपमा कसरी निर्मुल पार्न सकिन्छ, त्योतर्फ कहिल्यै पनि गम्भीर भएर सोच्न सकिएको छैन । फलस्वरूप उर्जाशील दक्ष जनशक्ति दिनमा दुई गुना रातमा चौगुना काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट खादा माला पहिरिएर चाँडै फर्किने आशमा आंखाभरी आँशु पारेर वृद्ध बा-आमालाई छाडेर परदेशीन बाध्य हुन्छन् ।

नागरिक समाज, बुद्धिजीवी, राजनीतिक दल, पत्रकार, कर्मचारी तथा अन्य समाजको अगुवाइ गर्ने व्यक्तित्वहरूले पनि अहिले सोच्ने बेला आएको छ । देशमा भएका उद्योग, कलकारखानाहरू बन्द छन् । काठमाडौं, पोखरा, बुटवलजस्ता ठूला-ठूला शहरहरूमा व्यवसाय नचलेर अधिकांश सटर बन्द छन् । थप उद्योग, कलाकारखानाहरू सञ्चालन गरेर स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्नेमा सरकार चुपचाप छ । साँच्चिकै मुलुक बनाउने हो भने उर्जावान युवाहरूलाई स्वदेशै राख्न सक्नुपर्छ तर, राजनीतिक दल र सरकारमा अझै पनि आर्थिक, शैक्षिक, औद्योगिक चेतनाको विकास हुन सकेको छैन । जसका कारण युवालाई देशमै रोक्न सकिएको छैन ।

स्वदेशमै उद्योगधन्दा कलकारखाना सञ्चालन गरी युवाशक्तिलाई यही राखेर काम लगाउन सकेमा आफ्नै ठाउँमा रोजगारीका अवसर सिर्जना हुनुको साथै युवाहरूलाई विदेश पलायनबाट रोक्न सकिन्छ । देशको अर्थतन्त्र बलियो र सबल बनाउन सकिन्छ । यसर्थ, यसतर्फ सरकार र राजनीतिक दलहरूले ध्यान दिन जरुरी छ ।

तीनै तहका सरकारले स्वदेशमै पर्याप्त रोजगारीका अवसर सिर्जना गर्ने लक्ष्य राखे पनि कामका लागि विदेशिनु नेपाली युवाको बाध्यता हो । देशबाट परदेशमा गएका नेपाली युवाले भोग्नुपर्ने समस्यातर्फ सरकारले पर्याप्त ध्यान दिनु आवश्यक छ । बेलैमा नसोचे हामीले ठूलो युवा शक्ति गुमाउँदैछौ । युवा शक्ति गुमाउनु देश विकास गुमाउनु हो । चाडैं बेलैमा नसोचे हामीले लिएको लक्ष्य हामीले देखेको देश विकासको सपना पूरा गर्न युवाशक्तिको अभाव तगारो बन्न सक्छ ।

## तपाईंको राशिफल

- मेष : व्यर्थको यात्रा र परेशानी हुनेछ । साहसीक कार्य सफल हुनेछ ।
- वृष : प्रभावमा वृद्धि हुनेछ । सुखद समाचार प्राप्त हुनेछ ।
- मिथुन : आजको दिन सामान्यरूपमा जानेछ । इच्छामाथि नियन्त्रण राख्नुहोला ।
- कर्कट : नयाँ साथी बन्नेछ । कर्मचारीहरूमाथि नजर राख्नुपर्छ ।
- सिंह : शान्तिपूर्वक कार्य गर्नु होला । विरोधी परास्त हुनेछन् ।
- कन्या : पदमा वृद्धि हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ ।
- तुला : दाम्पत्य जीवनमा समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ ।
- वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ । राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ ।
- धनु : काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुसी प्राप्त हुनेछ ।
- मकर : विवाद हुनसक्छ । राजनीतिक कार्य सफल हुनेछ ।
- कुम्भ : दिखावा गर्नु हुँदैन । शक्ति लगाएर कार्य गर्नु होला ।
- मीन : अनावश्यक खर्च हुनेछ । पारिवारिक सहयोग प्राप्त हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

**मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.**

मध्यान्ह
www.madhyanhadaily.com



# अपराधीलाई छुटाउनका लागि दबाब नदिनुस् : एसपी श्रेष्ठ

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २९ पुस

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक एसपी महेन्द्र श्रेष्ठले प्रहरीले पक्राउ गरेको अपराधीहरुलाई छुटाउन दबाब नदिन जनप्रतिनिधिहरुलाई आग्रह गरेका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटको आयोजनामा शनिबार भएको सार्वजनिक सुनुवाइमा एसपी श्रेष्ठले चोरीलगायतका घटनामा संलग्नलाई छुटाउनका लागि ताकेता नगर्न जनप्रतिनिधिहरुलाई आग्रह गरेका हुन् ।

यस्तै एसपी श्रेष्ठले घरका सदस्यहरुले आफ्नो बालबालिकामाथि निगरानी नगरेकोले अहिले युवाहरुले गलत बाटो प्रयोग गरिरहेको बताए । उनले युवाहरुलाई सही बाटोमा हिँडाउनका लागि अभिभावकले विशेष ध्यान दिनुपर्नेमा जोड दिए । उनले आपराधिक घटना न्यूनीकरणका लागि मदिरा पसललाई राति ८ बजेभित्र बन्द गर्न निर्देशन दिइसकेको बताए ।

सो क्रममा एसपी श्रेष्ठले इलाका प्रहरी कार्यालय कटहरियाको आफ्नै भवन निर्माण गर्ने प्रतिबद्धता जनाए । उनले आफ्नो कार्यकालमा जिल्लाभरि कम्तीमा ८० वटा सिसिक्यमरा जडान गर्नेसमेत प्रतिबद्धता जनाए ।




कार्यक्रममा नेकपा माओवादी केन्द्रका नेता नसरुदिन अन्सारीले कटहरिया इलाका प्रहरी कार्यालयमा प्रहरीको कमी रहेकाले अझै प्रहरी थप गर्नका लागि आग्रह गरे । उनले इलाका प्रहरी कार्यालयलाई भवनको आवश्यकता रहेको र जग्गा कमी भएकाले यसको समाधान गर्न पनि आग्रह गरे ।

कार्यक्रममा वडा सदस्य मनोज यादवले इलाका प्रहरी कार्यालयको जग्गाको विवाद रहेको र जग्गालाई प्रहरी कार्यालयको नाममा ल्याउनुपर्ने माग गरे । जिल्लामा भारतबाट आउने मलखादलाई रोक नलागाउनसमेत उनले आग्रह गरे । यस्तै कार्यपालिका सदस्य मनोज जयसवालले भन्सार छली कार्य अपराध भएपनि कटहरिया बजारमा व्यापारीहरुले भारतबाट सामान ल्याइरहेकाले त्यसमाथि प्रतिबन्ध लागउन आग्रह गरे । जयसवालले बालबालिकाहरु लागुऔषधमा फस्दै गएकाले यसलाई रोक्न प्रहरीले विशेष योजना ल्याउनुपर्ने बताए ।

बिहान ५ बजेदेखि कटहरियामा मदिरा पसलहरुमा मदिरा बिक्री भइरहेको र यसले गर्दा युवाहरुमा नकारात्मक असर परेकाले मदिरा बिक्रीमा रोक लगाउन लक्ष्मी गिरीले आग्रह गरिन् । नेकपा एकीकृत समाजवादीका जिल्ला सदस्य राजदेव सहनीले २०२९ सालमा स्थापना भएको इलाका प्रहरी कार्यालयलाई सबै पक्ष मिलेर सहयोग गर्न अनुरोध गरे । वडा नम्बर ९ का वडा अध्यक्ष रुपेश यादवले लगातार भइरहेको चोरी नियन्त्रणमा प्रहरीले विशेष भूमिका निभाउनुपर्ने बताए ।

सुनवाइ कार्यक्रम मात्र गरेर नहुने भन्दै सर्वसाधारणले राखेको गुनासोप्रति गम्भीर बन्न प्रहरीलाई पूर्ववडा अध्यक्ष उमेश यादवले आग्रह गरे । कटहरिया क्षेत्रमा युवाहरु हेलमेट नलगाइ मोटरसाइकलमा तीन जान चढ्ने गरेको हुँदा दुर्घटनाको जोखिम बढेकाले यसको समाधान गर्न पनि उनले आग्रह गरे । कटहरिया इलाका प्रहरी कार्यालयमा पहिले २५ जना प्रहरी रहेको भएपनि अहिले ६ जना मात्र प्रहरी रहेकोमा योगेन्द्र साहले आपत्ति जनाए ।

सुनुवाइ कार्यक्रममा कटहरिया नगरपालिकाका नगर प्रमुख अजय प्रकाश जयसवाल, उपप्रमुख रिता देवी यादव, माओवादीका नेता नसरुदिन अन्सारी, वडा नम्बर ५ का वडा अध्यक्ष सर्फलाल गुप्ता, नेपाली कांग्रेसका महासमिति सदस्य बाल्मिकी यादव, वडा नम्बर ३ का वडा अध्यक्ष श्यामा कान्त यादव, वडा अध्यक्ष समिस बिक्रम साह, वडा नम्बर ९ का वडा अध्यक्ष रुपेश यादव, उमेश यादवलगायत स्थानीय व्यापारीसहित विभिन्न पार्टीका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

# कटहरिया नगरपालिकाको हिउँदे अधिवेशन सम्पन्न

**मध्यान्ह संवाददाता**
रौतहट, २९ पुस

रौतहट कटहरिया नगरपालिकाको हिउँदे अधिवेशन आइतबार सम्पन्न गरेको छ । कटहरिया नगरपालिका वडा नम्बर ९ स्थित डुमरियामा एक कार्यक्रमकाबीच नगर सभाको ९ औं अधिवेशन सम्पन्न भएको हो । कटहरिया नगरपालिकाका बहुमत सदस्यहरुले अधिवेशन सम्पन्न गरेका हुन् । आयोजित सभालाई सम्बोधन गर्दै नगरप्रमुख अजय प्रकाश जयसवालले नगरपालिकाको कामकाज अगाडि बढाउने उद्देश्यले आफूले हिउँदे अधिवेशन आयोजना गरेको बताए । जनताले प्रदान गरेको मेनडेट अनुसार नै आफू अगाडि बढिरहेको उनले बताए ।

उनले भने, 'कार्यपालिका बोर्डको सहमतिले नै कामहरु बढ्न सक्छ । सबै कार्यपालिका सदस्यहरुको अधिकार समान रहेको छ ।' जनताको सुख सुविधाको लागि आफू लड्न तयार रहेको उनले प्रष्ट पारे । अहिले जुन नगरपालिकालाई बिथोल्ने काम भइरहेको छ । त्यो गलत रहेको उनको भनाइ छ । नगरपालिकालाई बन्द गर्ने काम, सेवाग्राहीलाई मर्कामा पर्नेगरी तालाबन्दी गर्नु गलत रहेको उनले बताए ।

जे पनि माग छ त्यो मागलाई कार्यपालिका बोर्डमा आएर राख्न



आन्दोलनरत पक्षलाई उनले आग्रह गरे । कार्यपालिका बोर्डको निर्णयलाई आफू मान्न तयार रहेको उनले प्रष्ट पारे । आफ्नो दायित्व, कर्तव्य जनताप्रति इमान्दारी पूर्वक गरिरहेको छ भने कसैले पनि गलत भन्न नसक्ने उनले ठोकुवा गरे । सत्यको लडाईं लड्न यथार्थसँग हिँड्न सबैसँग उनले आग्रह गरे । जनताको सुख सुविधा जसले रोक्न प्रयास गरिरहेको छ । त्यसको खुलेर विरोध गर्न उनले आग्रह गरे ।

कटहरिया वडा नम्बर ३ का वडा अध्यक्ष श्यामाकान्त यादवले स्वागत मन्तव्य राख्दै बाध्यताले नगरपालिकामा गर्नुपर्ने कार्यक्रम बाहिर गर्नुपरेको बताए । हिउँदे अधिवेशन गर्नलाई अति नै जरुरी रहेकोले अधिवेशन आयोजन गरिएको उनको भनाइ छ । त्यस्तै कार्यक्रमलाई सम्बोधन गर्दै कार्यपालिका सदस्य मनोज जयसवालले जनताको सेवा सुविधा बन्द गरेर लडाईंमा नलाग्न आग्रह गरे । उनले तालबन्दी खोलेर कार्यपालिका बैठकमा कुरा राख्न अनुरोध समेत गरे ।

त्यसैगरी वडा नम्बर ६ का वडा अध्यक्ष जयराम चौधरीले आफ्नो व्यक्तिगत स्वार्थको लागि नगरपालिकामा तालाबन्दी गरेको कारण अन्त्यै हिउँदे अधिवेशन गर्नु परेको बताए । कार्यक्रम सञ्चालन योजना शाखा प्रमुख रामनरेश यादवले गरेका थिए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत गौरीशंकर कुमार सिंहले पुस मसान्तभित्र हिउँदे अधिवेशन गर्नुपर्ने भएकोले कार्यक्रम गर्नुपरेको बताए । लिजामा बढी मार्क ल्याउन हिउँदे अधिवेशन गर्नुपरेको उनले बताए । जनप्रतिनिधिहरुले आपसी मतभेदले नगरपालिकामा हिउँदे अधिवेशन नगरी अन्त्यै गर्नु परेको उनले बताए ।

हिउँदे अधिवेशन कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सिंहसँगै वडा नम्बर ८ का वडा अध्यक्ष समिश बिक्रम साह, वडा नम्बर ९ का वडा अध्यक्ष रुपेश यादव, कार्यपालिका सदस्य दिलिप जयसवालसहित वडा सदस्यहरु, कार्यपालिका सदस्यहरुको सहभागिता रहेको थियो ।

यता आफूहरुको ८ बुँदे मागलाई सम्बोधन नगरी नगर सभा गर्न एकदम गलत रहेको वडा नम्बर ५ का वडा अध्यक्ष सर्फलाल गुप्ताले प्रतिक्रिया दिए । कटहरिया र नगरपालिकाको उपप्रमुख रिता देवी यादवसहितका जनप्रतिनिधिहरु नगरपालिका कार्यालयमा तालाबन्दी गरेर धर्नामा बसिरहेका छन् ।

# स्थानीयले आफैं हटाउन थाले सडकका टहरा



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २९ पुस

ग्रामीण क्षेत्रका गाउँमा सडक मार्ग जोडिएसँगै सडक चौडा गर्न स्थानीयबासिले सडक छेउका घर तथा अस्थायी टहरा आफैँ हटाउन थालेका छन् । हुम्ला सदरमुकाम सिमकोटदेखि ३२ कोष टाडा रहेको सर्केगाड गाउँपालिकाको सर्केगाड बजार सडक छेउमा भएका टहरा सडक चौडा गर्न स्थानीयले आफैँ हटाएका स्थानीय सुर्य बहादुर शाहीले बताए ।

शाहीले राष्ट्रिय सडक मार्ग जोडिए लगत्तै बजार क्षेत्रमा सडक छेउछाउमा साँघुरो बनाएका सम्पूर्ण संरचना हटाउन वडा नम्बर ५ ले सूचना जारी गरेलगत्तै स्थानीयले आफैँ बुझेर सडक छेउमा बनेका अस्थायी टहरा हटाउन थालेको बताए ।

आइतबार मात्रै तीन जनाले होटेल व्यवसाय गर्दै आएका अस्थायी टहरा हटाएर सडक खुल्ला गरेको अर्का स्थानीय कविन्द्र शाहीले बताए । सडक खुल्ला भएपछि यातायातका साधनलाई सहज हुने र दुर्घटना हुनबाट पनि बच्ने हुँदा टहरा हटाएको टहरा धनी अंग बहादुर सिंहले बताए ।

सर्केगाड गाउँपालिका वडा पाँचले माघ महिनाको अन्तिमतिर सडक छेउमा भएका टहरा, घर हटाइ १२ मिटर सडक छोड्नुपर्ने सूचना निकालेपछि सडक चौडाको सुरुवात आफूबाट गरेको सिंहको भनाइ छ । त्यस्तै सडक छेउमा भएका अस्थायी टहरा मात्र नभएर घर सडकमा परेपनि हटाउनुपर्नेमा सबै लागि पर्नुपर्ने सिंहको जोड छ । गाउँ घर विकास गर्न स्थानीयले आफैँ बुझेर लागि परेमा विकास हुन समयनै नलाग्ने स्थानीयको भनाइ छ । हुम्लाको ताजाकोट, अदानचुली, चंखेली र सर्केगाड गाउँपालिका राष्ट्रिय सडक मार्गसँग जोडिएका छन् भने तीन वटा गाउँपालिका सिमकोट, खार्पुनाथ र नाम्खा गाउँपालिका राष्ट्रिय सडक मार्ग जोडिन अझैं बाँकी छ । यस कामको थालनीले जिल्लाका सात वटै स्थानीय तहका नगरीकले पनि सिक्नुपर्ने देखिएको छ ।


## अधिकृत वारेसनामा बदरको सूचना

मिति २०८० बैशाष २५ गते श्री सर्वोच्च अदालत काठमाडौं नेपालमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद १३ को दफा १५३ (१) (३) नं. अनुसार मोही धनी म लछन, लछवन भने लक्ष्मण माझीको नाति, ढोलिया भन्ने ढुलाई माझीको छोरा जिल्ला सुनसरी दुहवी वडा नं. ३ बस्ने बर्ष ६५ जियाराम चौधरी जाहेर बाला एवं मैनावती स्टिल इन्डस्ट्रिज प्रा.लि., (078-ci-0491) देवेनारा ट्रेडिब कम्पनी प्रा.लि. (078-ci-0492) र नन्द किशुन मुन्दडा (078-ci-490) विपक्षी/प्रत्यर्थी भएको मोही नामसारी मुद्दा सम्मानित सर्वोच्च अदालतमा मुद्दा दोहोर्याई पाउँ भनी निवेदन परी कारवाही युक्त अवस्थामा रहेको उक्त मुद्दाको पेशी मिति २०८० माघ २९ गतेमा रही कारवाही किनारा गराउने सम्मको लागि मेरी छोरी दुहवी वडा नं. ३ निवासी गिता देवी चौधरीलाई अधिकृत वारेसनामामा उल्लेखित कार्य गर्न मुलुकी देवानी कार्यावधी संहिता, २०७४ को परिक्षेद १३ को दफा १५३ (१) (३) नं. अनुसार अधिकृत वारेस नियुक्त गरेकोमा मेरो मुद्दा म आफैले अव उप्रान्त हर्ने गरी मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा १५५ (१) (ग) बमोजिम निज वारसेलाई दिएको अधिकृत वारेस र अधिकृत बारेस भई निजले गर्न पाउने गरी उल्लेखित सम्पूर्ण कार्यहरू वदर गरी निजकोतारखे पर्चा र मिति २०८० माघ २९ को पेशी समेत वदर गरि उक्त दिनको पेशी मेरोनाममा रहने र तारेख पर्चामा २०८० माघ २९ को पेशी समेत मेरै नाममा हुने गरी कायम गरी निज छोरी गिता देवी चौधरीको नाममा रहेको सबै अख्तियारी समाप्त गरी अधिकृत वारेसको हैसियत अन्त्य भएको यसै सूचनाबाट जानकारी गराउँदै आफ्नो मुद्दाको आफै हेर्ने गरी जिम्मा लिएको व्यहोरा सम्बन्धित सरकारी निकाय न्यायपालिका, एवं सरोकारवाला एवं सर्वसाधारणमा जानकारीको लागि यो सूचना प्रकाशित गरेको छु । यो सूचना जारी गरे पश्चात उक्त अधिकृत वारेसनामाको माध्यमबाट अधिकृत वारेसको हैसियतले जुनसुकै कार्य गरेमा समेत कानून बिपरित भई स्वत: बदर हुने जानकारी गराउँदछु ।

**निवेदक**
**जियाराम चौधरी मोही धनी**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०५/१८ मा दर्ता भएको **प्रा.लि.नं. ७५७५३** को **सस्मिक मनि ट्रान्सफर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## साउदीमा रोजगार | कम्पनी: SAUDI MANPOWER SOLUTIONS CO..
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०९/२९ चलानी नं.: ६०२१२९४९ L.T. No.: 297995

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ANJULIMA INT'L** People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ०१–४५७३१००, ४५७३३००, फ्याक्स: ४४७२६०० Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com



## कुवेत र साउदीमा रोजगार | कम्पनी: KUWAIT ARAB CONTRACTORS CO.
शहर: KUWAIT

पुर्व स्वीकृत मिति: २०८०/०९/२९ चलानी नं.: ६०२१२९१० LT. No. 297916

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 75 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ७३,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour (Outdoor) | 125 | 0 | | 95 | ४०,९२३ | | | | | | | |

कम्पनी: **FADEL MOHAMMED AL-SHABINI GEN. CONT. CO** शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८०/०९/१९ चलानी नं.: ६०२१२९१२ LT. No. 297541

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD**
श्रम इजाजत नं. ११३६/०७३/०७४
Tara Hall chowk, Sinamangal. Kathmanud, Tel: 01-4492910, Mob: 9801797200, 9808046424, 9824887580.Fax: 4490678
Email: deepjyotimanpower1136@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: **ZETAS ZEMIN TEKNOLOJISI ANONIM SIRKETI** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०९/२९ चलानी नं.: ६०२१२९८२ L.T. No.: 298003

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 25 | 0 | स. काममा दक्ष | 1500 | ५२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Ayswarya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. १५१७/०७६/०७७
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
| Itahari Contact No: 025-584776, 9816368105, Chitwan Contact No: 056-512369, 9761890793
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com
| like us on facebook.com/naukri.nepal



## मलेसियामा रोजगार | कम्पनी: PANTECH STAINLESS & ALLOY INDUSTRIES SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०८०/०६/२३ चलानी नं.: ६०२०९००० LT. No.: 293878 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Frontline Recruitment
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
**Frontline Recruitment Pvt. Ltd.**
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com



## साउदीमा रोजगार | कम्पनी: DENIS ARABIA COMPANY LTD
शहर : Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मिति: २०८०/०९/२९ चलानी नं.: ६०२१२९८५ L.T. No.: 297898

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 11 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ८ गते (22 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५२१/०६१/०६२
**रोलेक्स रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब.नं. २१५७९,महाराजगंज, काठमाडौं । फोन: ४७२१११४, फ्याक्स: ४७२१११८
Email:- rolex.nepal@gmail.com



## साउदीमा रोजगार | कम्पनी: HAMAD FARHAN HAMAD AL-QAHTANI TRADING EST.
शहर: Saudi Arabia, Al-riyadh

पूर्व स्वीकृत मिति: २०८०/०९/२९ चलानी नं.: ६०२१२९८७ LT No:. 297957

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load and Unload worker | 1 | 0 | स. काममा दक्ष | 1300 | ४५,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ ८ गते (22 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FutureLink
Gov. Lic. No. 839/066/067
**Future Link International Pvt. Ltd.**
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com



## Cuprus मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी.- **Maro Kalou Private Employment Agency, Paphos, Cyprus**
पूर्व स्वीकृती मिति २०८०।०९।२९ चलानी नं. ६०२१२९२७ LT.No. 297902

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 05 | - | काममा दक्ष | 550 | ७९,५५५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 3 | Domestic Worker | - | 15 | | 320 | ४६,४०३।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ३५,०००।- |

**अन्तर्वार्ता २०८० माघ ८ गते (22 January, 2024) मेनपावर कार्यालय कोटेश्वरमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाडौंमा सम्पर्क राख्नु होला ।

**Kosh Overseas Pvt. Ltd.**
इजाजत नं. १५०६।०७४।७५
Seti Opi Marg,Koteshwor-32, Kathmandu, Ph no. 01-4537535, 4537536

मध्यान्ह
www.madhyanhadaily.com
१ माघ २०८०, सोमबार
15 January 2024, Monday

# दलका नेतृत्वकर्ताले आफ्नो पार्टी र नेताबाहेक अरुलाई गलत मात्र देख्न हुँदैन: पाण्डे



तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा कतार, २९ पुस

प्रवासी नेपाली एकता मञ्च राष्ट्रिय कमिटी कतारको छैटौं राष्ट्रिय अधिवेशनलाई नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का केन्द्रीय उपाध्यक्ष, संघीय सांसद तथा बाग्मती प्रदेश सरकारका पूर्व मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले सम्बोधन गरेका छन् ।

गत शुक्रबार सम्पन्न अधिवेशनको प्रमुख अतिथि समेत रहेका पाण्डेले कार्यक्रममा आफू २६ औं वक्ताका रूपमा पोडियममा उभिएर बोल्न लागेको हुँदा धैर्य गरेर बस्ने उपस्थित व्यक्तित्वप्रति कृतज्ञतासहित आश्चर्य प्रकट गर्दै तपाईँहरू धन्य रहेको बताए ।

उनले आफूले २०३३ सालमा जेलमा रहँदा एमालेको सदस्यता ग्रहण गरेको स्मरण गरे । हलमा उपस्थित विभिन्न वक्ता तथा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिले गरेको कटाक्षलाई लक्षित गर्दै पाण्डेले पार्टीका नेतृत्वले आफ्नो पार्टी र नेता सही अरू गलत भन्ने प्रवृत्तिमा सुधार गर्न आग्रह गरे ।

भारत मोहन अधिकारी अर्थमन्त्री, मनमोहन अधिकारी प्रधानमन्त्री र आफू सचेतक रहेको बेला २०५१ सालमा नेपाली कांग्रेसले एमालेले ६० वर्ष भन्दा बढी बाँच्न दिँदैन भन्ने गलत भाषण गर्दै हिँडेको स्मरण गर्दै उनले कांग्रेसलाई कडा जवाफ दिन ज्येष्ठ नागरिकलाई भत्ता दिन शुरु गरिएको बताए । हाल भत्ताको पनि दुरुपयोग हुने गरेकोप्रति उनले चिन्ता व्यक्त गरे । उनले हाल विभिन्न शीर्षक तथा जातजाति गरेर ३२ लाखले त्यो सुविधा लिने गरेको बताउँदै मञ्चले आफूलाई कतार हेर्ने र केही सिक्ने अवसर प्रदान गरेकामा आभार समेत व्यक्त गरे ।

मञ्चका कार्यवाहक अध्यक्ष गणेश ढकालको सभापतित्वमा भएको कार्यक्रममा समाजवादीका केन्द्रीय सचिव, पूर्वमन्त्री एवम् प्रखर युवा नेत्री राम कुमारी झाँक्री र स्थायी कमिटी सदस्य एवम् प्रवास समन्वय कमिटीका संयोजक श्रीप्रसाद शाहको विशिष्ट आतिथ्यता रहेको थियो । अधिवेशनमा कतारमा स्थापित नेपाली संघसंस्थाका प्रमुख, सामाजिक अभियन्ता लगायतको उपस्थितिसहित मन्तव्य रहेको थियो ।

अधिवेशनमा समाजवादी पार्टीकी सचिव, पूर्व मन्त्री एवम् प्रखर युवा नेत्री राम कुमारी झाँक्रीले रेमिट्यान्सले देशको अर्थतन्त्र धानेको छ, तर तपाईंले लगाएको लुंगीमा हाम्रो कर परेको छ भन्दै सञ्जालमा कमेन्ट गर्न नमिल्ने तर्क गरिन् ।

भन्सारमा आधारित राजस्वले देश चलन नसक्ने उनको तर्क थियो । उनले जातजातिको लडाईं र अधिकारप्रति लक्षित गर्दै संविधानमा सबैलाई समान अधिकार प्रदान गरिएको र सोही अनुरूप लागु भएको बताइन् । उनले जात लिंग, समुदायलाई दिइएको अधिकारको सदुपयोग आफूले गर्न पाए दिएको र गर्न नपाए सरकार र संविधानविरुद्ध बोल्नु जायज नहुने बताइन् । नेपालमा लागु भएको एमसीसी ५ सालमा पूरा गर्ने ग्रान्ट रहेको उनले बताइन् । एमसीसीविरुद्ध कार्यकर्ता रोडमा उतारेर नेताले सदनमा एमसीसीको पक्षमा मतदान गरेको खुलासा गर्दै दलले अरूलाई गाली गरेर होइन आचरण सुधार गर्दै लगानी भित्र्याउन सकेमात्र देश समृद्धितिर लम्कने बताइन् ।

भाइकाजी गुरुङले स्वागत मन्तव्य राखेको अधिवेशनको खुल्ला सत्रलाई महासचिव थम कुमार गिरीले सहजीकरण गरेका थिए । खुल्ला सत्रको समापन गर्दै गर्दै सभापति ढकालले कार्यवाहक रहेर संगठनलाई चलायमान बनाउन आफूलाई सहयोग गर्ने सबैप्रति कृतज्ञता प्रकट गरेका थिए ।

अधिवेशनको बन्द सत्रबाट मोहम्मद मुक्तदा मुसलमानको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन भएको छ । कार्यसमितिको उपाध्यक्षद्वय नन्द प्रसाद ढुंगाना, राम कुमारी तामाङ, सचिव रुक बहादुर रानाभाट, उपसचिवहरूमा सुरज बुढाथोकी, एकराज कटुवाल र सपना महर्जन रहेका छन् ।

त्यस्तै सदस्यहरूमा तोयानाथ पौडेल, हेम आले मगर, मदन गिरी, उमेश मण्डल, बुद्धि चन्द राजवंशी, राजवीर यादव, जनम बर्देवा, शेख फयास, उमेश रेग्मी,पदम बहादुर रानाभाट, प्रवीण कडरिया, विष्णु बहादुर विष्ट, सूर्यदेव लामिछाने, सुनिता खड्का, प्रतिमा सेवा, कुसुम मादेन लिम्बु, सन्तोष प्रजा, पुण्य प्रसाद बिमलि, साजिद एकबाल, सगिर अहमद- रौतहट, सुष्मित पाण्डे, भीम बहादुर क्षेत्री, किरण बहादुर सुनार, सुदिप थापा मगर, राज कुमार दर्जी, टंक बोहरा, कृष्णदिप कुमाल, पुष्प लामा, मसउद अजहर, शरद ज्ञवाली, दीपक बहादुर सिंह, अनिल गौतम, केवल विश्वकर्मा, रिता ढकाल, हैदर अलि रौतहट रहेका छन् ।

